वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ४१ पूर्णाङ्क ४६७ २०८३ वैशाख २१ गते सोमबार Monday 4 May, 2026 पृष्ठ ८ मूल्य रू. १० ।–

बिना विकल्प सुकुम्बासी बस्तीमाथि डोजर लगाउने अन्यायपूर्ण कदमको विरोधमा उत्रन आव्हान

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले एक प्रेस वक्तव्य जारी गरी बिना विकल्प सुकुम्बासी बस्तीमाथि डोजर लगाएर उठिबास लगाउने बालेन सरकारको अन्यायपूर्ण कदमको विरोधमा उत्रन आव्हान गरेको छ ।

पार्टी प्रवक्ता सुदर्शनले जारी गरेको वक्तव्यमा भनिएको छ, *बाँकी ७ पेजमा*

सुकुम्बासीमाथि बालेनको फासिवादी क्रूरता, वैकल्पिक व्यवस्थापनविना डोजर लगाएर उठिबास

दुई सुकम्बासीले गरे आत्महत्या, धरान र दाङबाट प्रतिरोध आन्दोलन उठ्दै

काठमाडौं । बालेन्द्र साह नेतृत्वको सरकारले सुकुम्बासीमाथि फासिवादी क्रूरता प्रदर्शन गरेको छ । वैकल्पिक व्यवस्थापन विना डोजर लगाएर गरिब सुकुम्बासीका घर टहरा भत्काइदिएको छ र जबर्जस्त उठिबास लगाइदिएको छ । उचित वैकल्पिक व्यवस्थापन नगरी सुकुम्बासी बस्तीमा डोजर चलाएको कार्यले मानवीय संकट निम्त्याएको भन्दै गम्भीर आलोचना भइरहेको छ । संसदमा प्रतिनिधित्व गर्ने र नगर्ने राजनीतिक पार्टी, नागरिक समाज, विभिन्न संघ संस्थाहरु र राष्ट्रिय मानव अधिकार आयोगले वक्तव्य निकालेर बालेन्द्र सरकारको फासिवादी रवैयाको व्यापक विरोध गरेका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले वक्तव्य निकालेर सुकुम्बासीमाथि भएको दमन, अत्याचार र अपराधका विरुद्ध आन्दोलनमा उत्रन आव्हान गरेको छ ।

विभिन्न स्रोतहरुका अनुसार लालपुर्जा नभएका सबै नागरिकलाई बसेका स्थानबाट हटाइयो भने झन्डै ५० लाख मानिस गरिबीको चक्रमा फस्ने खतरा रहेको छ । काठमाडौं महानगरपालिका र भूमि आयोगबिच सहकार्यको सहमति भए पनि हालसम्म पूर्ण तथ्यांक उपलब्ध नभएकाले समस्या झन् जटिल बन्न सक्ने पनि सम्बन्धित क्षेत्रका विज्ञहरुको विश्लेषण छ ।

स्रोतका अनुसार भूमि आयोगमा परेका निवेदनअनुसार देशभर ९८,५०२ दलित भूमिहीन/सुकुमवासी, १,८०,२९३ भूमिहीन/सुकुमवासी तथा ९,३०,७९० अव्यवस्थित बसोबासी गरी जम्मा

१२,०९,५८५ जनाले निवेदन दिएका छन्। यसबाहेक केही हजार वास्तविक भूमिहीन अझै बाहिर हुन सक्ने अनुमान छ। काठमाडौंमा मात्रै झन्डै १ लाखको हाराहारीमा सुकुमवासी र अव्यवस्थित बसोबासी छन् ।

सुकुम्बासीका विरुद्ध राज्यका पाँच सुरक्षा शक्तिको एकसाथ प्रयोग

सुकुम्बासीका विरुद्ध नेपाली सेना, सशस्त्र प्रहरी, जनपद प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र नगर प्रहरीलाई एकसाथ प्रयोग गरियो । त्यसैगरी राज्यद्वारा पालित पोषित सयौं युटुबरहरुलाई पनि एकसाथ सुकुम्बासीका विरुद्ध परिचालन गरियो र समाजमा सुकुम्बासीलाई 'अपराधी तत्व'को रुपमा चित्रण गरियो । सुकुम्बासी विरोधी अल्गोरिद्म खडा गरियो । र, सुकुम्बासीहरुमा मनोवैज्ञानिक आतंक, डर, भय र त्रासको बातावरण बनाइयो । आर्थिक हिसाबले समाजका सबैभन्दा कमजोर, निरीह, श्रमजीवी वर्गमाथि राज्यले फासिवादी क्रूरता प्रदर्शन गऱ्यो । र, उनीहरुले बर्षौंको मेहनत, परिश्रमबाट आर्जित धन खर्चेर बनाएको ओत लाग्ने छाना क्षणभरमै भत्काएर खण्डहर बनाइदियो । र, अपराधीहरुलाई गिरफ्तार गरेर लगेझै होल्डिङ सेन्टरमा युद्धबन्दीको जस्तो व्यवहार गरिएको पीडितहरुको गुनासो छ । महिला, केटाकेटी, वृद्ध, असशक्त, अपाङ्गता भएका व्यक्तिहरु, सुत्केरीहरुको कन्तबिजोग भएको उनीहरुको गुनासो छ । होल्डिङ सेन्टरको गुनासो बाहिरिन थालेपछि सरकारले त्यहाँ फोटो र भिडियो खिच्न र पत्रकारहरुलाई प्रवेश गर्न नै निषेध गरेको छ ।

दुई सुकुम्बासीले गरे आत्महत्या

बल्खु सुकुम्बासी बस्तीका एक पुरुषले आत्महत्या गरेका छन् । सरकारले डोजर चलाएर भत्काएको बल्खुस्थित सुकुम्बासी बस्तीमा बस्दै आएका उनले शुक्रबार बागमती नदीमा हाम फालेर आत्महत्या गरेका हुन् ।

शुक्रबार बिहान घर भत्केको हेर्न सक्दिनँ भन्दै निस्किएका व्यक्ति दिउँसो बागमती खोलामा मृत भेटिएका थिए ।

प्रहरीले शव बागमतीबाट बाहिर निकालेको छ। मृत फेलो परेका व्यक्ति ६१ वर्षीय ईन्द्रबहादुर राई रहेको उनकी पत्नी सरिता राईले बताइन् । स्थानीयबासीका अनुसार ईन्द्रबहादुरको परिवार बल्खुको सुकुमवासी बस्तीमा १६/१७ वर्षदेखि बस्दैआएको थियो । उनी बल्खुस्थित सब्जीमण्डीमा काम गर्ने गरेको पनि स्थानीयले बताएका छन् ।

यसअघि पनि थापाथली सुकुम्बासी बस्तीका एक १७ वर्षीय किशोरले आत्महत्या गरेका थिए ।

धरान र दाङबाट उठ्दै प्रतिरोध आन्दोलन

सुकुम्बासी बस्ती हटाउने सरकारी अभियानविरुद्ध धरानमा हजारौं सुकुम्बासीहरू सडकमा उत्रिएका छन्। बासस्थान जोगाउन माग गर्दै गरिएको प्रदर्शनले शनिबार दिनभर मुख्य बजार क्षेत्र तनावग्रस्त बनेको थियो ।

प्रदर्शनकारीहरू छाता चोकमा भेला भई सरकारविरुद्ध *बाँकी ७ पेजमा*

१० नं ब्यूरोको आयोजनामा बनेपामा १३७औं मजदुर दिवस कार्यक्रम सम्पन्न

बनेपा । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल १० नम्बर ब्युरोको आयोजनामा १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवस काभ्रेको बनेपामा सम्पन्न भएको छ । पार्टीका पीवीएम सुरेश श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रमको सभापतित्व ढोग प्रसाद अधिकारीले गर्नुभएको थियो ।

कार्यक्रमको सञ्चालन भने व्यूरो सचिव जीवनले गर्नुभएको थियो । कार्यक्रममा सहिद परिवारको तर्फबाट किसान लगायले मजदुर आन्दोलनको बारेमा प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो ।

क्रान्तिकारी ट्रेड यूनियन महासंघद्वारा ञ्चालीसहित १३७औं अन्तर्राष्ट्रिय मजदुर दिवस भव्य रूपमा सम्पन्न

काठमाडौं । क्रान्तिकारी ट्रेड युनियन महासंघले ञ्चालीसहित १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवस भव्य रुपमा सम्पन्न गरेको छ । माइतीघर मण्डलाबाट निकालिएको ञ्चाली ललितपुरस्थित कुपण्डोल कार्यालयमा पुगेर विशेष समारोहमा परिणत भएको थियो । समारोहलाई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव *बाँकी ७ पृष्ठमा*

बिकल्प बिना घर टहरा भत्काउन आए सुकुम्बासी तथा अव्यवस्थित बासीले कडा प्रतिरोध

काठमाडौं । प्रधानमन्त्री बालेन शाहले काठमाडौंका खोला-नदी किनारमा रहेका सुकुम्बासी बस्ती आउँदो शनिबार र आइतबारभित्र खाली गराउन सुरक्षा निकायलाई निर्देशन दिएको समाचार बाहिरिएपछि नदी किनारमा बर्षौंदेखि बसोबास गर्दै आएका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बस्तीका बासिन्दाहरु अहिले आतंकित र आक्रोसित बनेका छन् । भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुका हक, हित र अधिकारको वकालत गर्दै आएको संयुक्त राष्टिय सुकुम्बासी मोर्चाका नेताहरु र स्थानीय सुकुम्बासी तथा अव्यस्थित बसोबासीहरुले भने विनाविकल्प बस्तीमा डोजर लगाएर उठिबास लगाए कडा प्रतिरोध गर्ने बताएका छन् ।

अहिले संयुक्त राष्टिय सुकुम्बासी मोर्चा, नेपालको बैठक बसिरहेको छ र बस्तीमा डोजर लगाएर उठिबास लगाउन खोजे कसरी प्रतिरोध गर्ने भन्ने विषयमा छलफल गरिरहेका छन् । नेता नारायण परिश्रमीको अध्यक्षतामा बसेको बैठकमा उपत्यकाका विभिन्न बस्तीका अगुवाहरुको सहभागिता रहेको छ ।

संसदमा *बाँकी ७ पृष्ठमा*

सुकुम्बासी बस्तीमा जबर्जस्ती बल प्रयोग र दमन नगर्न बृहत् नागरिक आन्दोलनको चेतावनी

काठमाडौं । बृहत् नागरिक आन्दोलनले सुकुमबासी बस्तीहरू जबरजस्ती खाली गराउने सरकारी तयारीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै बल प्रयोग र दमन नगर्न चेतावनी *बाँकी ७ पृष्ठमा*

प्याक्स सिलिका, मुस्ताङ युरेनियम र त्रि–आयामी चक्रब्यूहमा नेपालको स्वाधीनता

भूमिका

विश्व राजनीति परम्परागत सैन्य शक्ति र कूटनीतिक सन्तुलनको सीमाभन्दा बाहिर निस्कँदै नयाँ संरचनामा रूपान्तरण भइरहेको छ । कृत्रिम बुद्धिमत्ता (AI), सेमिकन्डक्टर उद्योग, दुर्लभ खनिज (Rare Earth Minerals), ऊर्जा सुरक्षा र डेटा सार्वभौमिकता आजका प्रमुख शक्ति आधार बनेका छन् । यस परिवेशमा स्रोत, प्रविधि र आपूर्ति श्रृङ्खलामाथिको नियन्त्रण नै विश्व शक्ति सन्तुलन निर्धारण गर्ने केन्द्रीय तत्व बन्दै गएको छ । यस सन्दर्भमा नेपालजस्ता भूपरिवेष्ठित तर स्रोत-सम्भावनायुक्त राष्ट्रहरू बाह्य शक्ति प्रतिस्पर्धाको प्रभाव क्षेत्रमा पर्दै गएका छन् । मुस्ताङको लोमान्थाङ क्षेत्रमा युरेनियम अन्वेषण, विदेशी संलग्नता र "प्याक्स सिलिका" पहलसँग जोडिएका घटनाक्रमले नेपाललाई भूराजनीतिक प्रोक्सी क्षेत्र बन्ने जोखिमतर्फ संकेत गरिरहेका छन् । यसै पृष्ठभूमिमा, यो लेखमा "त्रि-आयामी चक्रव्यूह" अर्थात् स्रोत, प्रविधि र भू-राजनीतिको अन्तरसम्बन्धमार्फत नेपालका रणनीतिक खनिज, प्रविधिगत संरचना र बाह्य शक्ति दबाबले राष्ट्रिय स्वाधीनतामा पार्ने प्रभावको विश्लेषण गर्न खोजिएको छ ।

१. खनिज राजनीति, प्याक्स सिलिका र विश्व शक्ति प्रतिस्पर्धा *बाँकी ७ पृष्ठमा*

● सुरेश श्रेष्ठ ●

सम्पादकीय

बालेनको फासिवादी क्रूरताका विरूद्ध निर्णायक प्रतिरोधको खाँचो !

सत्ताको चरित्र वर्गीय हुन्छ र सत्ताले आफ्नो वर्गचरित्र प्रदर्शन गर्दछ भन्ने यथार्थलाई वर्तमान बालेन्द्र साहको सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमाथिको फासिवादी क्रूरताले प्रष्ट पारेको छ। जसले विद्यमान कानुन, संविधान, ऐन नियम, विधि, पद्धति सबै मिचेर गरिब सुकुम्बासीहरुको बस्तीमा डोजर लगाएर उठिबास लगाइदिएको छ। यहाँसम्म कि मुलुकको स्वाधीनता र सार्वभौमिकतामाथि बाह्य (अन्तर्राष्ट्रिय हस्तक्षेप) हुँदा प्रयोग गरिने सैन्य शक्तिलाई सुकुम्बासीका विरुद्ध परिचालित गरेको छ, त्यो पनि कानुनविपरीत। सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई बालेन्द्र सरकारले सबैभन्दा ठूलो दुश्मन देख्यो र उनीहरुका विरुद्ध राज्यका पाँचवटा सुरक्षा शक्तिलाई एकैसाथ प्रयोग गऱ्यो- नेपाली सेना, सशस्त्र प्रहरी, जनपद प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र नगर प्रहरी। इजरायलेले प्यालेस्टाइनको गाजा क्षेत्रमा मिसाइल प्रहार गरेर आम नरसंहार मच्चाएजस्तै सुकुमबासी बस्तीमा बालेन्द्र सरकारले मानवताविरुद्धको क्रूरता प्रदर्शन गऱ्यो। र, एकसाथ नागरिक सर्वोच्चता र संवैधानिक सर्वोच्चतामाथि धावा बोल्यो। कथित लोकप्रियताको जामा पहिरिएर अनेक प्रपञ्चमार्फत् जनमतको अपरहण गरी गरिब निमुखामाथि फासिवादी बुर्कुसी मारिरहेको छ। र, बेलगाम मैमत्त साढेभै गरिब जनताले बर्षौको मेहनत र परिश्रमले बनाएको 'प्राण प्रिय' घरमा डोजर आतंक मच्चाउँदै हिँडेको छ। मानवीय संवेदनाशून्य फासिवादी शासकलाई सत्ताबाट सडकमा ल्याएर सजाय दिन अब आम नागरिकसँग सडक संघर्षको विकल्प छैन। अब सडकबाट सशक्त र निर्णायक प्रहार एकमात्र बालेन्द्रको फासिवादलाई लगाम लगाउने एकमात्र विकल्प रहेको छ।

बालेन्द्र नेतृत्वको सरकार र सत्ता नेपालका दलाल तथा नोकरशाही पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने सरकार हो। यसले आफ्नो सत्ता स्वार्थका लागि विदेशी शक्तिको दलाली गर्दछ। र, उनीहरुकै स्वार्थ रक्षाका निम्ति आफूलाई समर्पित गर्दछ। अनि उनीहरुकै इशारामा काम गर्ने गर्दछ। अहिले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जबर्जस्ती उठिबास गर्दा कसलाई फाइदा पुग्छ ? सहरका सम्भ्रान्त वर्ग, हुनेखाने, धनीमानी, पुँजीपति वर्गलाई। यो वर्गको प्रत्यक्ष संलग्नता र सहकार्य वैदेशिक शक्तिहरुसँग छ। उनीहरुकै इशारामा र उनीहरुलाई नै खुशी पार्नका निम्ति अनि एडिबीको ऋणमा कमिसन खान खोज्ने तत्वहरुको उक्साहटमा बालेन्द्रले सहरको सौन्दर्यकरणको नाममा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमाथि उठिबास लगाएका हुन्। जोखिमयुक्त बस्तीहरुलाई उचित विकल्प दिएर स्थानान्तरण गर्न जरुरी थियो भने जोखिममुक्त बस्तीहरुलाई वर्गीकरणका आधारमा लगत संकलन गरी संविधान र ऐन कानुनका आधारमा व्यवस्थापन गर्न सकिने उपाय, विधि र पद्धतिहरु हुँदाहुँदै राज्यले हार्ड पावर प्रयोग गरेर जसरी गरिब सुकुम्बासीहरुलाई उठिबास लगायो, त्यसैगरी बालेन्द्र सरकारको पनि उठिबास लाग्ने निश्चित छ। सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुले नै यो सरकारलाई उठिबास लगाउने छन्।

जति धेरै दमन हुन्छ, त्यति नै धेरै प्रतिरोध पनि हुन्छ। यो वर्ग समाजको नियम हो। सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमाथिको क्रूर दमनबाट छोटो समयमै मै बालेन्द्र सरकारको फासिवादी चरित्र उदाङ्गो बनेको छ। यसले साम्राज्यवाद र दलाल पुँजीवादी तत्वहरुको इशारामा मूलतः कम्युनिस्टहरुको जनमत गरिब, भूमिहीन, किसान, मजदुर, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमा रहेको हुन्छ। यो वर्ग नै कम्युनिस्टहरुको आधारभूत शक्तिको स्रोत हो भन्ने पहिचान गरेर नै सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमाथि डोजर लगार उठिबास लगाइएको हो। तर, बिडम्बना, कम्युनिस्ट पार्टीहरुले भने यसको महत्वबोध गर्न नसकेको हो कि भन्ने गम्भीर प्रश्नहरु पनि खडा भएका छन्। सार्वजनिक रुपमा प्रश्नहरु पनि उठ्ने गरेका छन् कि सुकुम्बासी तथा अव्यवस्थितमाथि यति ठूलो दमन हुँदा पनि किन नेपालका कम्युनिस्टहरुले व्यवस्थित रुपमा आन्दोलन संगठित गर्न सकेनन् ? घटनाक्रमले स्पष्ट पारिसकेको छ कि साम्राज्यवादीहरु र उनीहरुको कठ्पुलती बालेन्द्र सरकार नेपालमा कम्युनिस्ट आन्दोलनका जराहरु काट्न लागिपरेको छ- चाहे विद्यार्थी संगठनमाथिको प्रतिबन्ध होस् वा सुकुम्बासीहरुको उठिबास। तसर्थ, सच्चा क्रान्तिकारी कम्युनिस्टहरु तथा जनपक्षीय शक्तिहरु र सच्चा देशभक्त तथा लोकतान्त्रिक शक्तिहरु एकताबद्ध भएर संघर्षलाई वृहत र निर्णायक प्रतिरोधको रुपमा अगाडि बढाउन जरुरी छ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

नेपालमा बढ्दो त्रिदेशीय चासो भित्रका रहस्यहरू

● डा. केशव देवकोटा ●

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग पनि भेट गर्नुभएको थियो । उक्त भेटघाटमा मुख्यगरी नेपाल र अमेरिकाबीचको आर्थिक साझेदारी र विकास सहायताका विविध पक्षहरुमा छलफल केन्द्रित रहेको थियो । त्यसक्रममा मन्त्री डा.वाग्लेले नेपालको वर्तमान आर्थिक अवस्था र नयाँ सरकारले अघिसारेका विकासका प्राथमिकताकाबारेमा अमेरिकी विशेषदूतलाई अवगत गराउनुभएको थियो । जवाफमा विशेषदूत गोरले नेपालको आर्थिक विकास र समृद्धिमा अमेरिका सधैं साथमा रहने प्रतिबद्धता जनाउनुभएको थियो । उहाँहरुबीच नेपालमा अमेरिकी सहयोगमा सञ्चालित एमसीसीलगायतका परियोजनाहरुको प्रभावकारिता र भविष्यमा हुनसक्ने थपलगानीका क्षेत्रकाबारेमासमेत सकारात्मक कुराकानी भएको बताइएको छ । रास्वपाका सभापति रवि लामिछानेसँगको भेटमा त गोरले नेपालसँग सुरक्षा सहकार्यगर्ने कुरा उठाउनु भएको थियो । नेपालको भूमी प्रयोग गरेर हिमालय क्षेत्रमा चीनको वर्चस्वलाई चुनौती दिनु अमेरिकाको मुख्य उद्देश्य रहेको छ । त्यसैगरी चीनको स्वार्थ भनेको तिब्बतमा अस्थिरता रोक्नु, भारत र अमेरिकाको प्रभावलाई सन्तुलनमा राख्नु, र आर्थिकरुपमा नेपाललाई आफूतर्फ आकर्षित गरेर रणनीतिक गठबन्धन बनाउनुमा रहेको छ

नेपालमा मुख्यत भारत, अमेरिका र चीनको त्रिदेशीय चासो रहेको छ। जसलेगर्दा यहाँ कसैगरे पनि शान्ति, स्थिरता र विकास हुन सकिरहेको छैन। नेपालको आन्तरिक अस्थिरता, भ्रष्टाचार र आर्थिक कमजोरीले गर्दानै विदेशी शक्तिहरुलाई यहाँ हस्तक्षेपगर्न सजिलो भएको हो। उपरोक्त तीनवटा देशका बिभिन्न शक्तिहरुले नेपालको राजनीतिमा प्रभाव पारेर आआफ्ना हित र स्वार्थको साधना गर्ने/गराउने प्रयास गरिरहेका छन्। जसबाट नेपाललाई कुनै फाइदा छैन। बरु नेपालको सार्वभौमिकता र विकास प्रभावित हुनेगरेको छ। त्यसैले नेपालमा बढ्दो विदेशी हस्तक्षेपलाई सन्तुलन गर्न/गराउनका लागि देशभित्र राष्ट्रिय एकता र सहमतीय राजनीतिको भावनालाई सुदृढ गर्नुपर्दछ। जसका लागि राजनीतिक इच्छाशक्ति, पारदर्शिता, आर्थिक विविधिकरण र देश अनुकूलको संविधान, ऐन कानून र नीति नियमको ब्यवस्था गरिएको हुनुपर्दछ। नेपालमा पछिल्ला बर्षहरुमा विदेशी चासो उल्लेखनीयरुपमा बढेको देखिन्छ। कतिपयले नेपालमै बसेर बिभिन्न आबरणमा विदेशी चासोलाई सघाउने काम पनि गरिरहेका छन्। जुन कुरा यहाँको राजनीति, अर्थतन्त्र, सुरक्षाको अवस्था र भूराजनीतिक प्रतिस्पर्धाबाट बुझ्न सकिन्छ। विदेशी शक्तिहरुले नेपाललाई हस्तक्षेपगर्ने मुख्य कारण यसको भूराजनीतिक अवस्था हो। नेपाल भारत र चीनजस्ता ठूला देशको बीचमा एक रणनीतिक बफर राज्यकारुपमा रहेको छ। अमेरिकाजस्ता अन्य शक्तिहरु पनि नेपालमा आफ्नो प्रभाव विस्तारगर्न उद्यत रहँदैआएका छन्। नेपालमा बढाउँदै लगिएको हस्तक्षेपबाट उनीहरुलाई रणनीतिक, आर्थिक र सुरक्षासम्बन्धी फाइदाहरु प्राप्त हुनेगरेका छन्। नेपाल दुई ठूला शक्ति राष्ट्रहरु चीन र भारतका बीचमा रहेकाले यसको रणनीतिक महत्व पनि निकै ठूलो छ। भारतले नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राख्ने प्रयासगर्दा नसकेपछि उसले पश्चिमा शक्ति खासगरी अमेरिकालाई यहाँ प्रबेश गराएको हो। जसलेगर्दा चीनका लागि सुरक्षा चुनौती बढेकाले उसले पनि चासो बढाउँदै लगेको हो। हाल नेपालमा अमेरिकाको प्रबेशले चीन र भारत दुबैलाई सुरक्षा चुनौती सिर्जना भएको देखिन्छ। त्यसैले चीन र भारत आपसी प्रीतश्पर्धाकै बीचमा नजिकिने प्रयास पनि गरिरहेका छन्। कतिपय अन्तराष्ट्रिय मामिलामा उनीहरुकाबीचमा समान धारणा रहने गरेको छ। भारत र चीनबीच युद्धहुँदा पनि नेपाललाई चिन्ता थियोभने उनीहरु मिल्दा पनि चिन्ता बढाउने कामहरु हुनथालेका छन्। नेपालको भूराजनीतिक महत्व दक्षिण एशियामा विशेष खालको छ।

नेपालको उत्तरतर्फ चीनको तिब्बत क्षेत्र तथा दक्षिण, पूर्व र पश्चिमतर्फ भारत रहेकाले नेपाललाई दुवै देशका लागि रणनीतिक दृष्टिले महत्वपूर्ण बनाउँछ। त्यसैगरी नेपालको भूभाग हिमालय क्षेत्रमा पर्छ। जुन प्राकृतिक सुरक्षा कवच जस्तै हो। चीनका लागि तिब्बतको स्थायित्व र सुरक्षा तथा भारतका लागि उत्तरी सीमाको सुरक्षा हुनेभएकाले दुवै देशले नेपालमा आफ्नो ध्यान केन्द्रित गरेका छन्। त्यसैगरी नेपालको आर्थिक र व्यापारिक महत्व पनि रहेको छ। नेपाल भूपरिवेष्ठित देश हो। त्यसैले व्यापारका लागि मुख्यरुपमा भारतमा निर्भर छ। भारतसँग खुला सीमाना र व्यापारिक सम्बन्ध पनि रहेको छ। पछिल्लो समय नेपालको चीनसँग पनि पूर्वाधार र व्यापार विस्तार भएको छ। नेपाल चीन र भारत दुवै देशबीच ट्रान्जिट र कनेक्टिभिटीको पुल बन्नसक्ने अवस्था छ। अन्तर्राष्ट्रिय सम्बन्ध र सन्तुलनका दृष्टिले पनि नेपालको महत्व रहेको छ। त्यसैले नेपालले औपचारिकरुपमा असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीति अपनाउँदै आएको हो। तर ०६३ को परिवर्तनपछि सत्ता र शक्तिमा आएकाहरुले नेपाललाई युरोप र उत्तर अमेरिकी देशहरुको सैन्य गठबन्धन 'नेटो' समर्थक बनाउन खोजेका थिए। अमेरिका, यूके, क्यानडा र फ्रान्ससहितका १२ वटा देशले सन् १९४९ मा नेटो अर्थात उत्तर एट्लान्टिक सन्धि संगठनको स्थापना गरेका थिए। त्यसैले पछिल्लो समयमा नेपालमा अमेरिका लगायतका पश्चिमा देशहरुको दबदबा बढेको हो। नेपाल जलश्रोतमा धनी छ।

जलबिद्युतको सम्भावना पनि धेरै छ। भारतलाई ऊर्जा आपूर्तिको सम्भावना भएका नदीहरु (जस्तै गंगा प्रणालीमा जाने नदीहरु) ले प्रभाव पारेका छन्। त्यसैले भारतले नेपालको जलश्रोतमा एकाधिकार कायम गर्ने/गराउने प्रयास गर्दैआएको हो। नेपालको चीन र भारतकाबीचमा सांस्कृतिक र ऐतिहासिक महत्व पनि त्यतिकै प्रबल रहेको छ। नेपाललाई भारत र चीनको मुख्यत तिब्बतको सांस्कृतिक सेतुनै मानिन्छ। यहाँ हिन्दू र बौद्ध संस्कृतिको मिश्रण रहेकाले धार्मिक पर्यटनको संभावना पनि बढी छ। त्यसैले अमेरिका लगायतका पश्चिमा राष्ट्रले हिन्दू र बौद्ध धर्माबलम्बीहरुलाई जुधाएर कृश्चियन बाहुल्य बनाउन खोजिरहेको देखिन्छ। समग्रमा भन्नुपर्दा नेपालको भूराजनीतिक महत्व यसको स्थान, प्राकृतिक श्रोत, र छिमेकी शक्तिहरुसँगको सम्बन्धमा आधारित छ। सही कूटनीतिक सन्तुलन कायमगर्न सकेमा नेपालले आफूलाई क्षेत्रीय शान्ति, व्यापार, र सहकार्यको केन्द्रकारुपमा स्थापितगर्न सक्ने अवस्था पनि छ। तर कतिपय नेपालीहरुनै उपरोक्त तीन देशका बिभिन्न शक्ति केन्द्रहरुको स्वार्थ पूर्ति गर्ने/गराउने कार्यमा सक्रियतापूर्बक लागेकाले विदेशी हस्तक्षेपबाट देशलाई मुक्त गराउन असहज भएको हो। भारत नेपाललाई आफ्नो सुरक्षा कवच विशेषगरी सिलिगुढी कोरिडोर (चिकेन नेक) को सुरक्षाकारुपमा हेर्छ। जसले भारतको मुख्य भूमिलाई उत्तरपूर्वी राज्यहरुसँग जोड्छ। यदि चीनको प्रभाव नेपालमा बढ्यो भने भारतको सो भाग जोखिममा पर्नसक्ने उनीहरुको आंकलन रहेको देखिन्छ। त्यसबाहेक नेपालसँगको खुला सीमाले भारतलाई व्यापार, आप्रवासन र सुरक्षा नियन्त्रणमा सजिलो बनाएको छ। भारतको उद्देश्य भनेको नेपालमा आफ्नो प्रभाव कायम राखेर चीनको विस्तार रोक्नु, आर्थिक निर्भरता बढाउनु (नेपालको ७४% निर्यात भारततर्फ हुन्छ) र तिब्बती शरणार्थीहरुको माध्यमबाट चीनलाई दबाब दिनु हो। खुला सीमाना, व्यापार र रोजगारीका कारण नेपालमा भारतको प्रभाव अझै पनि बलियो छ। चीनको सक्रियतासँगै भारत पनि आफ्नो प्रभाव जोगाउन थप सक्रिय भएको देखिन्छ। त्यसैगरी अमेरिकालगायतका पश्चिमी देशहरुले नेपालमा लोकतन्त्र, मानव अधिकार र विकास परियोजनामा लगानीगर्ने बहानामा आफ्नो हस्तक्षेप बढाएका छन्। नेपालमा आफ्नो बलियो र निरन्तर पकड कायम राख्नका लागि उनीहरुले एमसीसी र संघीय शासन दुईवटा परियोजना सञ्चालन गरेका छन्। अब उनीहरु एसपीपीमा हस्ताक्षर गराउन अनेक प्रपञ्च गरिरहेका छन्। त्यसैगरी भारतमा रहेका दलाइलामालाई नेपालमा स्थापित गराउने प्रयास पनि भैरहेको देखिन्छ। नेपालमा गत फागुन २१ को निर्वाचनको वातावरण बनाउन उनीहरुको प्रमुख हात रहेको थियोभने त्यसबाट बनेको बर्तमान सरकारलाई प्रयोग गरेर उनीहरु नेपालसँग सुरक्षा साझेदारी र ब्यापार ब्यवसायमा साझेदारी गर्ने/गराउने प्रयास गरिरहेका छन्। त्यसैका लागि पछिल्लो पटक गतसाता बिहीबारदेखि शनिबारसम्म अमेरिकाका दक्षिण तथा मध्य एशियाका लागि विशेषदूत सर्जियो गोरको नेपाल भ्रमण भएको हो। गोरले नेपालका परराष्ट्रमन्त्री र अर्थमन्त्रीसँग मात्र छुट्टाछुट्टै भेटवार्ता गर्नुको पनि बिशेष अर्थ र महत्व रहेको छ। उक्त भेटमा नेपाल र अमेरिकाबीचको सम्बन्धलाई थपउचाइमा पुऱ्याउने र आर्थिक विकासका क्षेत्रमा सहकार्य बढाउने विषयमा छलफल भएको भनिएको थियो। परराष्ट्र मन्त्रालयमा भएको भेटमा परराष्ट्रमन्त्री शिशिर खनाल र विशेषदूत गोरबीच नेपाल-अमेरिका सम्बन्धका विविध आयामहरुलाई अझ सुदृढ र प्रभावकारी बनाउने विषयमा कुराकानी भएको भनिएको छ।

त्यसक्रममा दुई देशबीचको कूटनीतिक सम्बन्धलाई समयसापेक्ष सुदृढ बनाउँदै द्विपक्षीय लगानीलाई प्रोत्साहनगर्ने र व्यापार प्रवर्द्धनका नयाँ अवसरहरु पहिल्याउने विषयमा विशेष जोडदिइएको थियो। त्यसैगरी विशेषदूत गोरले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग पनि भेट गर्नुभएको थियो। उक्त भेटघाटमा मुख्यगरी नेपाल र अमेरिकाबीचको आर्थिक साझेदारी र विकास सहायताका विविध पक्षहरुमा छलफल केन्द्रित रहेको थियो। त्यसक्रममा मन्त्री डा.वाग्लेले नेपालको वर्तमान आर्थिक अवस्था र नयाँ सरकारले अघिसारेका विकासका प्राथमिकताकाबारेमा अमेरिकी विशेषदूतलाई अवगत गराउनुभएको थियो। जवाफमा विशेषदूत गोरले नेपालको आर्थिक विकास र समृद्धिमा अमेरिका सधैं साथमा रहने प्रतिबद्धता जनाउनुभएको थियो। उहाँहरुबीच नेपालमा अमेरिकी सहयोगमा सञ्चालित एमसीसीलगायतका परियोजनाहरुको प्रभावकारिता र भविष्यमा हुनसक्ने थपलगानीका क्षेत्रकाबारेमासमेत सकारात्मक कुराकानी भएको बताइएको छ। रास्वपाका सभापति रवि लामिछानेसँगको भेटमा त गोरले नेपालसँग सुरक्षा सहकार्यगर्ने कुरा उठाउनु भएको थियो। नेपालको भूमी प्रयोग गरेर हिमालय क्षेत्रमा चीनको वर्चस्वलाई चुनौती दिनु अमेरिकाको मुख्य उद्देश्य रहेको छ। त्यसैगरी चीनको स्वार्थ भनेको तिब्बतमा अस्थिरता रोक्नु, भारत र अमेरिकाको प्रभावलाई सन्तुलनमा राख्नु, र आर्थिकरुपमा नेपाललाई आफूतर्फ आकर्षित गरेर रणनीतिक गठबन्धन बनाउनुमा रहेको छ।

चीनले पनि हालैका दिनमा नेपालसँग सुरक्षा सहकार्यगर्ने प्रस्ताव अगाडि सारेको छ। यसरी नेपालमा बढेको विदेशी चासोले यहाँ बिभिन्न चुनौतीहरुको सिर्जना गरेका छन्। एकातिर यसले विकास, लगानी, र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा बाधा सिर्जना गरेको भभने अर्कोतर्फ कूटनीतिक सन्तुलन बिग्रिने, निर्भरता बढ्ने, र आन्तरिक राजनीतिमा बाह्य प्रभावपर्ने जोखिम बढाएको छ। त्यसैले नेपालले हरतरहले असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिलाई अक्षरस पालनागर्नुमा नै ठूलो कल्याण हुन्छ। अन्यथा नेपालको स्वाधिनता र अखण्डतामा जहिले पनि चुनौती सिर्जना हुनेगर्दछ। यो आजको अवस्थामा नेपालका देशभक्त शक्तिहरुले चिन्तन मनन गर्नुपर्ने मुख्य बिषय हो।

१३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवस सम्पन्न

नवलपरासी १८ बैशाख - नवलपरासीमा १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवस सम्पन्न सम्पन्न भएको छ। सो कार्यक्रममा बोल्दै क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका स्थायी समिति सदस्य सीताराम तामाङले बालेन सरकारले ट्रेड युनियन र बिद्यार्थी सङ्गठन खारेजीको घोषणा गर्नु फासीवादी कदम रहेको बताएका छन्। क्रान्तिकारी ट्रेड युनियन महासङ्ग नवलपरासीले शुक्रबार बर्दघाटमा आयोजना गरेको १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवस बिशेष कार्यक्रमलाई सम्बोधन गर्दै उनले ट्रेड युनीयन र बिद्यार्थी सङ्गठन खारेज गर्नु अन्तर्राष्ट्रिय कानुन बिपरित हुने औल्याए। क्रान्तिकारी किसान महासङ्घका केन्द्रीय संयोजक रहेका उनले भुमिहीन, सुकुम्बासी, किसान, मजदुर, दलितलगायतको जनवर्गलाई बर्तमान सरकारले दुश्मनको ब्यवहार गरेको आरोप लगाए। उनले राष्ट्रिय स्वाधीनताको लडाइँ अब झन पेचिलो बन्दै गएकोले देश जोगाउन आन्दोलित हुनुपर्नेमा जोड दिए। सो अवसरमा पार्टीका केन्द्रीय सदस्य एवं जिल्ला इन्चार्ज क्षेत्र बहादुर थापाले जिल्लामा रहेका आधारभुत जनताका मागलाई ध्यान दिदै संघर्षमा उत्रने समेत जानकारी गराए। कार्यक्रममा क्रान्तिकारी संयुक्त मोर्चा नेपालका जिल्ला संयोजक चुडामणि भण्डारीले भूमिहीन सुकुम्बासी माथि राज्यले दमन गरेको भन्दै उनीहरुमा त्रास र उकुसमुकुस रहेको बताउदै त्यसलाई चिरेर आन्दोलन उठाउन पहल लिइने बताए। महासङ्गका जिल्ला सह संयोजक लालु गिरीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन जिल्ला कार्यालय सदस्य गणेश बहादुर ढकाल र जिल्ला सल्लाहकार बाबुराम गिरीले कविता वाचन गरेका थिए। कार्यक्रममा पार्टीका बैकल्पिक केन्द्रीय सदस्य एवं जिल्ला सेक्रेटरी रवि पाण्डेय, कार्यालय सदस्य दुर्गा नारायण चौधरी बिभिन्न जनबर्गीय एवं मोर्चा संगठनका नेता कार्यकर्ता र पार्टीका जिल्ला समिति सदस्यहरु सहभागी थिए।

मई दिवसका सन्दर्भमा केही कुरा

● ईश्वर तिमिल्सिना ●

एक सय चालीस बर्ष आसपास अगाडि हाते औजार वा मेसिनसँग जोडिएर श्रम गर्ने मजदुरहरुका निम्ति ८ घण्टा कार्य दिनको माग र त्यसका निम्ति बलिदानीपुर्ण संघर्ष मजदुर आन्दोलनको ऐतिहासिक मोड हो। सोह्र, अठार घण्टा कठोर श्रम समय प्रचलनमा रहेको तत्कालीन औद्योगिक मुलुकहरूमा मजदुरहरुका जीवनमा सुधार ल्याउन उठाइएको ८ घण्टे कार्य दिवसको मागले आज सम्म पनि महत्व राख्दछ। यो माग दुरगामी महत्वको थियो भन्ने प्रष्ट छ।

अमेरिकी मजदुरहरुले उठाएका पटक पटकका हडताल र आन्दोलनले १८८६ मा प्राप्त गरेको उत्कर्ष बिरताका दृष्टिले ,बलिदानका दृष्टिले र प्रेरणाका दृष्टिले सन्सारभरका मजदुरहरुका निम्ति आज पर्यन्त पथ प्रदर्शन गरेको छ। १४-१५ औं शताब्दीमा युरोप पुँजीवादी उत्पादन पद्धतिमा प्रवेश गर्यो। सोही बखत विकास भएको हाते मेसिनमा काम गर्ने ज्यालादारी कामदारको रुपमा काम गर्ने मानिसलाई मजदुर(धयचपभच यच बिदयगच) भन्न थालियो।

नेपाली मजदुरहरुको संघर्षको इतिहास पनि सात दशक भन्दा लामो भएको छ। बिक्रम सम्वत १९९३ बिराटनगर जुटमिल स्थापना पछि नेपाली मजदुरवर्गको उदय भएको मान्न पर्छ। पहिलो उद्योग हुनुको नाताले नेपाली मजदुरहरुको इतिहास नब्बे बर्षको इतिहास हो। तर यहाँ सम्म आइपुग्दा मजदुरको परिभाषा विस्तारित हुँदै गएको छ। उत्पादन र वितरणका पद्धति जतिजति विकसित हुँदै जान्छन श्रम बजारको चरित्र पनि व्यापक हुने गर्छ। पेशागत चरित्रका दृष्टिले मजदुरहरुमा विविधता भए पनि साझा दृष्टिकोण र हितका प्रश्नमा समानताका आधारमा मुद्दाहरूको सैद्धान्तिकरण गर्न पर्ने हुन्छ। त्यसका निम्ति केही राष्ट्रिय अन्तर्राष्ट्रिय बिषयमा बुझाइमा समानता होस् भन्ने उद्देश्यले केही बिषयलाई यहाँ राख्न चाहान्छु।

१) आज विश्वमा साम्राज्यवाद-पूँजीवादले खडा गरेको उदारीकरण, निजीकरण, भुमण्डलीकरण र व्यपारीकरणको महाजालले मजदुर वर्गलाई चर्को श्रम शोषण, उत्पीडन र दमनको शिकार बनाइरहेको छ।

२) दोस्रो विश्वयुद्धपछि गठन भएको पूँजीवादीहरुको साझा संस्था संयुक्त राष्ट्रसंघ मार्फत अन्तर्राष्ट्रिय मुद्राकोष (क्ष्ः) र विश्वबैंकद्वारा विश्वको अर्थतन्त्र नियन्त्रण गर्न र परिचालान गर्न विश्वका करोडौं मजदुहरुको दैनिक जीवनमाथि खेलवाड गर्दै श्रमको दोहन गरेर एकाधिकार पूँजीको केन्द्रीकरण गरी कालो धन जम्मा गर्ने कार्य हुदै आएको छ।

३) साम्राज्यवादले विश्वका कैयौं देशहरुमा सैनिक परिचालन गरेर वा कतिपय देशका शासकरुलाई आफ्ना दलाल बनाएर उक्त देशमा भएका स्रोत र साधन कब्जा गर्ने, दलाल बन्न नचाहेमा द्वन्द्व सृजना गराएर हतियार बेच्ने जस्ता कार्यहरुले आमजनतामाथि नै शोषण, दमण र उत्पीडन थोपारी रहेको छ।

४) पूँजीको एकाधिकार कायम गर्न अल्पविकशित देशहरुमा बहुराष्ट्रिय कम्पनी र उद्योगहरुको विस्तार गर्ने, राष्ट्रिय उद्योगहरु बन्द गराउने र ठूलो पैमानमा बेरोजगार उत्पादन गरेर दलाल सत्ता मार्फत कमिसन खाएर सस्तो मुल्यमा युवा युवतीहरुलाई विश्व बजारमा निर्यात गरेर उनीहरुले पठाएका रेमिटेन्सको आधारमा राज्य संचालन गर्ने काम हुदैआएको छ। नेपाल पनि त्यसको अपवाद होइन।

५) नेपाली युवा युवतीहरु विश्व श्रम बजारमा कम ज्याला लिएर जोखिम युक्त श्रम गर्न बाध्य छन्। जोखिम कामका कारण दैनिक आधा दर्जनको मृत्यु हुन्छ भने, सोही स्तरमा अंग भंग भएर बाँच्न विवस छन्। श्रमिकका परिवारहरुको अवस्था झनै क्षत-विक्षत बन्दै गएको छ।

६) साम्राज्यवादले विश्वका कुनै पनि देशको मजदुर आन्दोलन उठ्न नदिन वा कमजोर पार्न संयुक्त राष्ट्रसंघ मार्फत अन्तर्राष्ट्रिय मजदुर संगठन परिचलन गरेर दलाल मजदुर संगठनका नेताहरुलाई आर्थिक प्रलोभन दिएर बफादार दलाल बनाउने, पूँजीपति वर्ग र मजदुर वर्गका विचमा सहकार्यको आवश्यकता छ भन्ने जाल फालेर आन्दोलनको घाँटी निमोठ्ने काम हुदै आएको छ।

७) दैनिक ज्यालादारी, करार, नो वोर्क नो पे जस्ता उदारवादी विचारधारा एवं मान्यताहरुको प्रयोगले यतिवेला विश्वभरिका मजदुरहरुका लागि सबैभन्दा कठिन अवस्था बन्दै गएको छ।

८) उदारवादी भनिने विकृत पुँजीवादले मजदुरहरुका बिचमा एकता कायम हुन नदिन मजदुर विरोधी ट्रेड यूनियन ऐन कानुन र नियम निमार्ण गरेर यूनियन गठन गर्न बन्देज गर्ने देखि दलाल मजदुर संगठनहरु खडा गरेर क्रान्तिकारी संगठनहरुलाई प्रवेशमा रोक लागाउने काम गर्दै आएका छन्। हालै सरकारद्वारा अगाडि सारिएको कथित लगानीमैत्री वातावरण र कर्मचारी ट्रेड युनियनमाथि रोक लगाउने कानुन निर्माणको प्रयत्न त्यसको ज्वलन्त उद्दाहरण हो।

९) संगठित रुपमा सन् १९४६ बाट विकसित भएको नेपालको मजदुर आन्दोलनले आज सम्म आइपुग्दा ७८ वर्ष पुरा गरेको छ। पेसागत अधिकार सगै राजनीतिक अधिकार समेत प्राप्त गर्न भएका मजदुर आन्दोलनहरुमा मजदुरहरुले सयौंको संख्यामा आफ्नो जीवनको बलिदान गरेका छन्, भने सयौंको संख्यामा मजदुर योद्धाहरुलाई राज्यले गिरफ्तार गरेर बेपता पारेको छ। त्यो संघर्ष नयाँ उचाइमा नयाँ शक्तिका साथ अगाडि बढाउन पर्ने आवस्यकता छ।

१०) उद्योगहरु प्रायः समाप्त हुदै गएको र अनौपचारिक क्षेत्रका मजदुरहरुको संख्या बढ्दै गएको परिवेशमा अनौपचारिक क्षेत्रमा श्रम गर्ने मजदुरहरुको अत्यन्तै कमजोर सेवा सुविधा र जोखिम पुर्ण काम गर्नुपर्ने बाध्यता रहेको छ।

११) कथित प्रजातन्त्रवादी र कम्युनिष्टको खोल ओडेका संशोधनवादी, नवसंशोधनवादी पार्टी सम्बद्ध ट्रेड यूनियनहरु वर्तमान पूँजीवादी लोकतन्त्रको भ्रम दिएर वर्तमान संविधानसमेत कायम राख्दै शोषण मुलक व्यवस्थालाई बचाइ राख्न चाहन्छन्।

१२) क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल सम्बद्ध क्रान्तिकारी ट्रेड यूनियन महासंघ नेपाल विद्रोहद्वारा आमुल परिवर्तन गर्दै नयाँ जनवादी गणतन्त्र हुदै वैज्ञानिक समाजवाद, साम्यवाद प्राप्त गर्ने लक्ष्य राख्दछ।

१३) क्रान्तिकारी ट्रेड यूनियन महासंघ नेपाल मार्क्सवाद-लेनिनवाद-माओवादलाई मार्गदर्शक र सिद्धान्तका रुपमा अँगिकार गर्दै आइरहेको छ। सिद्धान्त र ब्यबहार बिचमा रहेका खाडल पुर्दै मजदुर आन्दोलनको गति पैदा गर्नु आजको मुख्य काम हो।

१४) अहिलेको यही वस्तुगत यथार्थका आधारमा तत्कालीन आंशिक सेवा सुविधाका मुद्दा उठाउदै , मजदुरहरुले सामना गरिरहेका दैनिक जीवनका समस्यासँग एकाकार हुँदै आमुल परिवर्तनका निमित्त साम्राज्यवाद र विस्तारवादद्वारा पालित पोषित दलाल सत्ता र पूँजीवादका विरुद्ध जुझारु मजदुर आन्दोलन अगाडि बढाउने कार्यमा क्रियाशील रहेको छ।

१५) नेपाल सरकारले मजदुर ,किसान एवं सुकुम्बासीवर्गका हित विपरीत लिएका सबै नीतिहरुको विरोध र भन्डाफोर गर्दै हालै राजधानी लगायतका सुकुम्बासी बस्तिहरुमा अमानवीय आक्रमण गरि गरिएका बर्बरतापूर्ण बल प्रयोग र अत्याचारको विरुद्धमा खडा हुन सबै न्यायप्रेमीहरुमा अनुरोध गरिन्छ।

१६) मजदुर आन्दोलनमा थप बलियो शक्ति पैदा गर्न वैचारिक रुपमा निकट अन्तर्राष्ट्रिय भाईचारा मजदुर संगठनहरुसंग सम्बन्ध विस्तार गर्न आवश्यक रहेको महसुस गर्दै त्यसतर्फ सक्रिय रहन जरुरी छ।

१७) अमेरिकी साम्राज्यवादद्वारा स्वाधीन मुलुकहरूमाथि भइरहेको नाङ्गो हस्तक्षेप र सैन्य आक्रमण ,त्यसबाट सिर्जित विश्वव्यापी उर्जा एवं आर्थिक संकटले आप्रवासी श्रमिक तथा अन्य श्रमिकहरुका जीवनमा कठोर मार पर्ने हुन्छ। त्यसका विरुद्ध देश-बिदेशका साम्राज्यवादका पिछलग्गु दलालका बिरुद्धको संघर्षलाई समेत सचेततापूर्वक उठाउन जरुरी छ।

13 revolutionary Communist parties of the world including RCPN issued joint statement on May 1st

Revolutionary Communist Party of Nepal, Alkadihines Party – Tunisia, Communist (Maoist) Party of Afghanistan (CMPA), Communist Party of Nepal (Bahumat), Communist Party of Turkey-Marxist-Leninist (TKP-ML), Communist Unity-France, Communist Worker Union (MLM) Colombia, Italian (Marxist-Leninist) Party, Maoist Communist Committee Brazil, Maoist Communist Party – Italy, Proletarian Party Of Purbo Bangla (PBSP/Bangladesh), Red Road of Iran (Maoist group), Yunshuinu Group – China have issued joint statement on the occasion of May 1st. ***The content of the statement is as following :***

"Proletarian, Red and Internationalist May 1st

Against imperialism – imperialist war – reaction and fascism – the exploitation, misery and oppression of the proletarians and peoples

For the Democratic People's Revolution and the proletarian and socialist revolution in every country across the world

The world proletariat celebrates May 1st in a situation of growing danger of a new world imperialist war, which risks also being a nuclear war.

Imperialism is sinking into the quagmire of the general crisis, and all attempts to overcome it are failing. That is why the main imperialist countries (USA/EU/RUSSIA/CHINA) are fighting for a new division of the world in order to gain control of raw materials, of markets in all countries of the world.

Every day imperialism, its states, its governments, its parliamentary parties, its agents within the workers' and people's movement take concrete steps towards this new world imperialist war.

US imperialism in particular, with the Nazi-type presidency of Trump, has raised the level and intensified the march of imperialist war; It has given full coverage to the genocide of the Palestinian people. He advanced in the war with collusion and confrontation with Russian imperialism for the partition of Ukraine. Then, first the attack against Venezuela, now with the imperialist and Zionist war of aggression against Iran, aimed to overthrow the governments and establishing new puppet governments in their place, finding fierce resistance of nation and people in Iran and Lebanon.

He unleashed the tariff war to unite the European imperialist powers and all capitalist and imperialist countries in the world with his plans and interests, facing their oppositions and various agreements that they feed inter-imperialist contradictions.

In the meantime, it has unleashed an internal war against the proletarian masses, the migrants, against the anti-fascist and anti-imperialist opposition, under the banner of racism, repression, to transform the USA into an open dictatorship at the service of big capital and on a global scale, it works to strengthen and unite all the reactionary, fascist, Nazi, sovereignist and populist forces of every country.

Towards the countries dependent and oppressed by imperialism, it works to unite to its front the hegemonic powers operating among the countries oppressed by imperialism in Turkey, India, Brazil, to build the winning alliance in the new world war of partition, while nurturing and strengthening chauvinism, nationalism and fundamentalism.

US imperialism wants to get out of crisis and decadence through war, and the other imperialist powers, large and small, want to defend their specific imperialist interests.

All this leads to a situation in which in every country states and governments are getting equipped to participate in the war with rearmament, the war economy, the unloading of the crisis and the costs of the war on the proletarians and the peoples.

Inequalities between rich and poor in the world are growing more and more, poverty worsens the more the world economic crisis worsens. The capitalist/imperialists' race for profit is leading to social and environmental catastrophe. The so-called "third, fourth industrial revolutions" do not bring innovations for the development of mankind but are tools for accumulating more and more capital through financial capital.

Imperialist and reactionary wars are creating hundreds of thousands of refugees, poverty and unemployment are pushing populations from the semi-colonial regions of dependent countries, oppressed by imperialism to capitalist/imperialist countries.

The ruling classes of the capitalist/imperialist countries, as well as those of the countries oppressed by imperialism, are breathlessly trying to keep themselves in power both through elections aimed at changing the faces of the governments at their service but not the substance of power. And where there is a massive abstentionism, they openly point to fascist-type governments and regimes and police states, open dictatorships.

In the face of all this, the proletarians, the popular masses, the peoples oppressed by imperialism have no other way than to intensify the struggle, develop social and popular upraisings, armed struggles, launching people' war and movements aimed at overthrowing reactionary governments serving imperialism and the ruling classes.

These movements demonstrate with their strength and their limitations that there is no alternative to the path of Revolution: New Democratic Revolutions, Socialist Revolutions.

The main instrument for making revolution is the revolutionary party. Building and strengthening the communist parties, defending them from the plans of the bourgeoisie to annihilate them (specially against maoists: Operation Kagar in India, Repression in Philippines,Turkey etc) is today the main task and the key to advancing the proletarian and popular movements in all countries of the world.

Only the construction of the Marxist-Leninist-Maoist Communist Party allows the development of the proletarian and people's united front and the creation of the people's and proletarian army necessary for the overthrow of the ruling classes in each country and of the imperialist system on a world scale.

The Marxist-Leninist-Maoist Communist Parties must be formed and developed in the fire of the class struggle strictly linked with the masses, as workers' vanguard detachments, units capable of leading the proletarian and popular struggle, the political struggle, in the context of the different countries, to develop the class war, the revolutionary war, the people's war.

Marxist-Leninist-Maoist communist parties capable of analyzing the errors and defeats of the communist movement, of the past as well as those of today; capable of guiding the direct experience of the proletarians, of the masses and the movements of struggle.

The communist parties engaged in the people's war and all parties and organisations that work for this and for the revolution must play a vanguard role, in a costant struggle against revisionism and 'leftism', for building the international communist organization, an unified international organization, under the banner of Marxism-Leninism-Maoism to lead the proletariat and the popular masses in the capitalist, imperialist countries and countries oppressed by imperialism in the revolutionary struggle for socialism.

To this aim, it is necessary to create today a unitary International Communist Forum capable of helping to lead the proletariat in the capitalist and imperialist countries and in the countries oppressed by imperialism in the struggle, mobilizing all the anti-imperialist forces, the national liberation movements and the advanced parts of the movements against war, fascism, reaction and repression, genocides, territorial and environmental devastation.

This is today the necessary stage to advance in the reconstruction of the International Communist Movement and a new Communist International.

The world is faced with the epochal clash between imperialist war and revolution बाँकी ८ पृष्ठमा

एस.पी.पी.सम्बन्धी भ्रम

एस.पी.पी. भनेको के हो ?

The State Partnership Program लाई संक्षिप्तमा एसपीपी भन्ने गरिन्छ। यसको नेपाली अनुवाद "राज्य साझेदारी कार्यक्रम" हो। आम रूपमा बोलिचालीमा "राज्य साझेदारी कार्यक्रम" भन्नुको सट्टा "एसपीपी" नै प्रचलित भएकाले यहाँ यस लेखमा पनि एसपीपी नै भनिनेछ।

संयुक्त राज्य अमेरिकाको सेना नेश्नल गार्डसित अन्य देशका सेनाहरूले द्विपक्षीय सम्बन्ध कायम गर्नु, सैन्य क्षमतामा वृद्धि गर्ने उद्देश्यले संयुक्त सैनिक अभ्यास गर्नु, प्राकृतिक प्रकोप, मानवीय सहयोगका कामहरूमा मिलीजुली काम गर्नु नै एसपीपी हो भनिएको छ। (U.S. Embassy in Nepal. n.d)

नेपाली सेनाले अमेरिकी सेनासित संयुक्त सैन्य अभ्यास गर्दै आएको छ। त्यसो त भारतीय सेनासित नेपाली सेनाको विशेष सम्बन्ध छ। ब्रिटिश सेना र चिनियाँ सेनासित पनि नेपाली सेनाको सम्बन्ध छ। नेपाली सेनाले चिनियाँ, भारतीय, अमेरिकी, ब्रिटिश सेनासित छुट्टाछुट्टै समयमा संयुक्त अभ्यास गर्ने गरेको छ। तर अहिलेसम्म एसपीपीमा सम्झौता भएको छैन। भू राजनीतिक दृष्टिकोणले तथा नेपालको असंलग्न परराष्ट्र नीतिलाई ख्याल गरेर एसपीपी सम्झौता गर्नु हुन्न भन्ने नेपालमा ठूलो जनमत छ।

एस.पी.पी. को ऐतिहासिक पृष्ठभूमि

सन् १९८९ मा जर्मनको वर्लिनको पर्खाल ढलेको र सन् १९९० मा सोभियत संघ विघटन भएको अवस्थामा रुसबाट अलग्गिएका देशहरू जस्तै ताजिकिस्तान, किर्गिस्तान, तुर्किमिनिस्तान, उज्वेकिस्तान, काजाकिस्तान र पूर्वी यूरोपका देशहरूसित अमेरिकाको केन्द्रीय कमाण्ड सुरक्षा समन्वय रणनीति स्थापित गर्न १९९० को दशकको प्रारम्भमा एसपीपी सुरुवात गरिएको थियो। (Qmemple, २००९) त्यसरी एसपीपीको ऐतिहासिक पृष्ठभूमिमा नै अमेरिकाको सुरक्षालाई बलियो पार्ने र अमेरिका विरोधी शक्तिलाई कमजोर पार्ने उद्देश्य राखेको देखिन्छ।

एस.पी.पी.का साझेदार राष्ट्रहरू

यूरोप क्षेत्रबाट अल्बानिया (२००१), अर्मानिया (२००२), अष्ट्रिया (२०२१), हंगेरी (१९९३), कोसोभो (२०११), अजरवैजान (२००२), बोस्नीया हर्जगोविना (२००३), बुल्गारिया (१९९३), क्रोशिया (१९९६), साइपरस(२०२२), चेक गणतन्त्र (१९९३), इस्टोनिया (१९९३), फिन्ल्याण्ड (२०२४), जर्जिया (१९९४), ग्रीस (२०२६), लाट्भिया (१९९३), लिथुआनिया (१९९३), मुल्दोभो (१९९६), मन्टेनेग्रो (२००६), उत्तरी मेसेडोनिया (१९९३), नर्वे (२०२३), पोल्याण्ड (१९९३), पोर्चुगल (२०२५), रोमानिया (१९९३), सर्विया (२००५), स्लोभाकिया (१९९३), स्लोभानिया (१९९३), स्वीडेन (२०२४), स्वीजरल्याण्ड (२०२५), युक्रेन (१९९३), दक्षिण अमेरिका क्षेत्रबाट अर्जेन्टिना (२०१६), बेलिज (१९९६), बोलिभिया (१९९९), ब्राजिल (२०१८), चिली (२००८), कोलम्विया (२०१२), कोस्टारिका (२००६), डोमिनिकन गणतन्त्र (२००३), इक्वीडर (१९९६), साल्भाडोर (२०००), ग्वाटेमाला (२००२), गुएना (२००३), हाइटी (२०११), होन्डुरस (१९९८), जमैका (१९९९) , निकारागुवा (२००३), पनामा (१९९६), पाराग्वे (२००१), पेरु (१९९६), एन्टिगुआ, बाखुडा, वाखोडास, डोमिनीका, ग्रनेडा, सान्टकिट्स र नेभिस, सान्टलुकिया, सान्ट भिकेन्ट र ग्राडिनास सहित क्षेत्रीय सुरक्षा प्रणाली भनेर ७ देशहरूको सुरक्षा संरचना (२००६), सुरिनाम (२००६), ट्रिन्डेड र टोवाको (२००४), उरुग्वे (२००), भेनेजुएला (१९९८)।

अफ्रिका क्षेत्रबाट- अङ्गोला (२०२४), बेनिन (२०१४), बोट्स्वाना (२०१८), बुर्किना फासो (२०१८), काबो भाडो (२०२१)। कोटे डिभोइटे (२०२५), डिजीबोइटे (२०१५), ग्यावन (२०२३), घाना (२००४), केन्या (२०१५), लाइवेरिया (२००९), सेरालिअन (२०२४), जिम्बाबे (२०२३), मौरिसस (२०२५), मोरक्को (२००३), नाइजर (२०१७), नाइजेरिया (२००६), रुवाण्डा (२०१९, सेनेगल (२००८), सिसिलिस (२०२५), दक्षिण अफ्रिका (२००३), तान्जानिया (२००४), टोगो (२०१४), ट्युनिशिया (२००४)

मध्य एसिया क्षेत्र

इजिप्ट (२०२०), जोर्डन (२००४), काजकिस्तान (१९९३), किर्गीस्तान (१९९६), ओमन (२०२२), कतार (२०१८), साउदी अरेविया (२०२४), ताजिकिस्तान (२००३), तुर्किमिनिस्तान (२०२१), युएइई (२०२५), उज्वेकिस्तान (२०१२)।

हिन्द प्रशान्त क्षेत्र

बंगलादेश (२००८), कम्बोडिया (२००८), इण्डोनेशिया (२००६), मलेसिया (२०१७), मार्शल आइस्ल्याण्ड(२०२५), मंगोलिया (२००३), नेपाल (२०१९), पलाउ (२०२४), पपुवा न्यूगिनी (२०२०), फिलिपिन्स (२०००), श्रीलंका (२०२०), माल्दिभस् (२०२१), थाइल्याण्ड (२००२), पूर्वी टिभो (२०२०), फिजी (२०२४), भियतनाम (२०१२),

त्यसबाहेक मेक्सिको (२०२५), मेहमस (२०२५)

(स्रोतः संयुक्त राज्य अमेरिका, नेशनल गार्डको बेवसाइट)

अमेरिकाको नेशनल गार्डको बेवसाइटमा १२० भन्दा बढी उल्लेखित देशहरूको नाम एस.पी.पी.मा साझेदार भनेर सूचीकृत गरिएको छ। सूचीकृत देशहरूमध्ये अमेरिकाले आफ्नो सैन्य रणनीतिमा हिंडाउन खोजे पनि ती विभिन्न देशहरूले अटेरी गरेको देखिन्छ। जस्तै श्रीलंका २०२० देखि एसपीपीको साझेदार भने पनि यही मार्चको प्रारम्भमा अमेरिकाको इरानसितको युद्धमा श्रीलंकाको माट्टला राजापाक्षे विमानस्थललाई युद्ध विमान, सशस्त्र सज्जित एन्टी सीप मिशाइल राख्न, प्रयोग गर्न माग गरेको थियो।

तर श्रीलंकाको अनुरा कुमारा दिशानाएके राष्ट्रपति रहेको वर्तमान सरकारले श्रीलंकाको तटस्थता र असंलग्न परराष्ट्रनीति भएकाले विमानस्थल प्रयोग गर्न दिन मिल्दैन, दिंदैनौं भनेर अमेरिकी प्रस्तावलाई सिधै अस्वीकार गरिदिएको छ। सूचीकृत मध्ये नेपाल र भेनेजुएलाको नाममा पछाडि स्टार राखिएको छ। भेनेजुएला १९९८ देखि एसपीपीको साझेदार भनिए तापनि विगतमा त्यहाँका राष्ट्रपति ह्युगो चाभेज र २०१३ देखिका राष्ट्रपति निकोलास मादुरोसित अमेरिकाको कहिले राम्रो सम्बन्ध रहेन। त्यस्तै अफ्रिकाको बुर्किना फासोलाई पनि २०१८ देखि एसपीपीको साझेदार भनेर सूचीकृत गरिएको छ। बुर्किना फासोको वर्तमान सरकारले सैन्य साझेदारी सैन्य कुटनीतिको त कुरै छोडौं इरानसितको युद्ध शुरु भएपछि अमेरिकी नागरिकलाई बुर्किना फासो आउन नदिन भिसा समेत बन्द गरिदिएको छ। नेशनल गार्डले आफ्नो बेभसाइटमा ओमन (२०२२), कतार (२०१८), साउदी अरब (२०२४), युएई (२०२५) जस्ता एसियाका खाडी मुलुकहरूलाई एसपीपीको साझेदारी सूचीमा राखिएको छ। ती देशहरूमा अमेरिकाको बेस क्याम्पहरू राखिएको छ। इरान-अमेरिका/इजरायल युद्ध शुरु भएपछि इरानले ती अमेरिकी बेसक्याम्पहरूमा आक्रमण गरिरहेको छ। अमेरिकी राष्ट्रपति ट्रम्पले ती देशहरूलाई तिमीहरू इरान विरुद्ध लड, जाउ आक्रमण गर भनिरहेको छ। तर ती देशहरूले इरानका विरुद्ध लड्न जानुको सट्टा अमेरिकालाई नै युद्ध छोट्याउन आग्रह गरेका छन्।

अन्त्यमा

नेपालस्थित अमेरिकी दुतावासले आफ्नो आधिकारिक वेबसाइटमा एसपीपीबारेमा स्पष्ट पार्नका लागि प्रश्न उत्तरशैलीमा २०७९ असार ३ गते लामो सामग्री (स्पष्टीकरण-लेख) राखेको छ। शुरुदेखि अन्तिमसम्म पढ्दा यस्तो भान पार्न खोजिएको छ कि एसपीपी भनेको कुनै खतरनाक चीज नै होइन। यो त कुनै सैन्य र सुरक्षा मामला नभएर प्राकृतिक प्रकोप, विपद व्यवस्थापनका लागि मात्र कार्यक्रम हो यो रूपमा प्रस्तुत गरिएको छ। विश्व राजनीतिमा अमेरिकाको प्रतिद्वन्द्वी तत्कालीन सोभियत संघ विघटन भएपछि रुसबाट अलग भएका देशहरूको रक्षा गर्नकै लागि सन् १९९२ मा अमेरिकी सेनाको नेश्नल गार्डको नीति निर्देशन मातहत एसपीपी सुरु भएको थियो। त्यस्तो कार्यक्रमलाई केवल प्राकृतिक विपत्ति जस्तै २०१५ को नेपालको भूकम्प, भुकम्पपछि कोभिड १९ को समस्यामा सहयोग जस्ता कुराहरू सित मात्र जोडेर हेर्न मिल्दैन। अमेरिकी दुतावासले भनेको छ-"एसपीपी सैन्य गठबन्धन हैन न कहिलै थियो। अमेरिकाले नेपालसित सैन्य गठबन्धन खोजेको छैन।" दुतावासको वेबसाइटमा भनिएको छ कि नेपालले २०१५ र २०१७ मा एसपीपीमा सामेल हुन अनुरोध गरेको थियो। नेपालको अनुरोधलाई स्वीकार गरेर २०१९ मा नेपाललाई एसपीपीमा सामेल गरिएको छ। तर एसपीपी सम्झौता गरिएको छैन। एसपीपी सम्झौता गर्ने योजना पनि छैन। दुतावासको वेबसाइटमा अमेरिकी सैनिक जर्नेल फ्लीन नेपाल भ्रमण आउँदा नेपाली सेनासित एसपीपीबारे कुरा गरेको बताइएको छ। तर एसपीपीबारे के कुरा गरिएको थियो स्पष्ट खुलाइएको छैन।

नेपालका छिमेकी देशहरू भारत, चीन, पाकिस्तान कुनै पनि एसपीपीसित जोडिएका छैनन्। अमेरिकाले एस.पी.पी. सूचीमा राखेको देश बेलारुस त्यस सूचीबाट बाहिरिएको छ। भू राजनीतिक दृष्टिकोणले, देशको राष्ट्रिय स्वाधीनतालाई ख्याल राखेरै बेलारुस एसपीपीमा संलग्न भएर पनि त्यसबाट बाहिरियो। नेपालका छिमेकी देशहरू किन एसपीपीमा सामेल नभएका होलान् ? बेलारुस किन एसपीपीबाट बाहिरिएको होला ? यत्ति प्रश्नको उत्तर खोज्ने हो भने नेपाललाई एसपीपी चाहिन्छ चाहिंदैन भन्ने कुरा स्पष्ट हुनेछ।

नेपालस्थित अमेरिकी दुतावासले एसपीपी भनेको सैन्य रणनीति नै होइन भन्ने अर्थमा स्पष्टीकरण प्रकाशित गरेको छ। तर अमेरिकी सेनाका अनुसन्धानकर्ताहरूले जतिले एसपीपी सम्बन्धी अनुसन्धान गरेका छन्। उनीहरू सबैले एसपीपीलाई अमेरिकाको सैन्य रणनीतिक कार्यक्रम बताएका छन्। जस्तै अफगानिस्तानको एसपीपी कार्यान्वयनबारे कर्णेल स्टेम्पल (२००९) , एसपीपीको अवसर र चुनौती बारे कर्णेल डेनियल (२०१३), एक्काइसौं शताब्दीको रणनीतिक उद्देश्यबारे लेफ्टिनेन्ट कर्णेल पाउलवी चेन्सी (२०१२) एसपीपीलाई अमेरिकाको सैन्य रणनीतिक कार्यक्रम भनेका छन्। नेपालमा भ्रम पार्न खोजिंदै छ। सतर्क बन्न जरुरी छ।

सन्दर्भ

Stemple,P.A.(2009) A State partnership Programme–SPP_ For Afganistan. apps.dtic.mil.
U.S. Embassy in Nepal-N.D._State Partnership Programm Fact Sheet.https://np.usembessy.gov.state.partnership –programme–Factsheet

३ दिने अन्तरकृयात्मक प्रशिक्षण कार्यक्रमको काठमान्डौमा उद्घाटन

काठमान्डौ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको केन्द्रिय समितिको आयोजनमा ८, ९ र १० नं. ब्यूरो अन्तरगत पार्टी र जवस मोर्चामा कार्यरत पार्टी पिविएम र सिसिएमहरुको ३ दिने अन्तरकृयात्मक प्रशिक्षण कार्यक्रम बैशाख १९ गतेदेखि काठमान्डौमा सुरु गरिएको छ। पार्टीका महासचिव गौरवव्दारा सो कार्यक्रमको उद्घाटन गरिएको छ। प्रशिक्षणको उदधाटनशत्रको अध्यक्षता महासचिव गौरवले गर्नु भएको छ।

पार्टी स्थाई समिति सदस्य प्रतिकव्दारा संचालन गरिएको एक्र कार्यक्रमको महत्व र उद्येश्यका बारेमा पार्टी स्थाई समिति सदस्य रामसिंह श्रीषले प्रकाश पार्नु भयो।

यहि वैशाख १९देखि २१ गतेसम्म संचालन गरिने उक्त प्रशिक्षण कर्यक्रमको सहजकर्तामा पार्टी स्थाई समिति सदस्यहरु रामसिंह श्रीष, हरीभक्त कँडेल, सन्तबहादुर नेपाली र इन्द्र मोहन सिग्देल रहनु भएको छ।

प्रशिक्षणमा तात्कालिन राजनितिक परिस्थिति, माक्सवाद र सँशोधनवाद, आर्थिक निति र उत्पादन, किसान सँघर्ष,सँघर्षको कार्यदिशा, जिल्ला अधिवेशन ्भेला, जनसँगठन निर्माण र विस्तार,सँगठनात्मक प्रस्ताव , सँगठनात्मक नियमावली र आर्थिक नियमावलीआदि सम्वन्धि विषयहरु राखिएको छ्।

हिरासतमा मेरो छोराको हत्या गरियो, न्याय नपाएसम्म लास उठाउँदैनौ: श्रीकृष्ण विश्वकर्माकी आमा बिन्दमाया विश्वकर्मा

काठमाडौं। सिन्धुलीको खुर्कोटस्थित इलाका प्रहरी कार्यालयको हिरासतमा ७ वैशाखमा ज्यान गुमाएका श्रीकृष्ण विश्वकर्माकी आमा बिन्दमाया विश्वकर्माले आफूले न्याय नपाउन्जेल छोराको लास नबुझ्ने बताएकी छन्। २०८२ वैशाख १६ गते राजधानीको संवाद डबलीमा आयोजित पत्रकार सम्मेलनमा उनले यस्तो बनाएकी हुन्।

विश्वकर्माले ७ जना सांसद, पत्रकार र अधिकारकर्मीले सिन्धुलीको सिडियो कार्यालयमा १० र ११ बैशाखामा धर्ना दिँदा समेत सिन्धुलीकी सिडियो स्किम श्रेष्ठ र एसपी लालध्वज सुवेदीले घटनाको सीसीटीभी फुटेज नदेखाएको बताइन्। विन्दमायाले आफूले घटनाको दोषीलाई कारवाही गराउन १५ वैशाखमा किटानी जाहेरी दर्ता गर्न खोज्दा समेत सिन्धुली प्रहरी र सरकारी वकिलको कार्यलय सिन्धुलीले जाहेरी लिन अस्वीकार गरेको बताइन्। उनले छोरा श्रीकृष्णलाई सातदोबाटोबाट पक्राउ गरी प्रहरीले खुर्कोट लगेर यातनापछि हत्या गरेको आशंका गरिन्।

विश्वकर्माले राज्यको नियन्त्रणमा आफ्नो छोराको हत्या भएको जिकिर गर्दै दोषीहरुलाई कठघरामा ल्याउन आग्रह गरेकी छन्। उनले घटनाको सत्यतथ्य छानविन गर्न माग गर्दै दोषीहरुलाई कारबाही नगरुन्जेल संघर्ष गरी रहने पनि बताईन्। "जाहेरी दर्ता गर भन्दा हामीसँग प्रमाण मागिन्छ, हिरासतभित्रै मारिएको छ, अनि हामीले कसरी प्रमाण दिने, राज्यले मेरो छोराको गैरन्यायीक हत्या गरेको छ, न्याय पाउँ।" विश्वकर्माको याचना छ।

श्रीकृष्णकी दिदी निर्मला विश्वकर्माले पनि सातदोबाटो प्रहरीले भाईलाई पक्राउ गरी सिन्धुली लगेको र प्रहरीकै सुरक्षा घेराभित्र यातना दिएर ज्यान लिइएको आरोप लागाइन्। "प्रहरीको सुरक्षा घेरामा हाम्रो भाई मरेको छ, भाइको सुरक्षा गरियो कि हत्या गरियो रु निष्पक्ष छानविन गरियोस र दोषीलाई दण्डित गरियोस" निर्मालाले भनिन्।

घटनास्थलको अध्ययन गरेर फर्किएका सांसद गणेश विश्वकर्माले आफूहरुले श्रीकृष्णको ज्यान गएको घटनास्थलको स्थलगत अनुगमन गरेको बताउँदै प्रहरीले श्रीकृष्णको हत्या गरेको बताएका छन्। सांसद विश्वकर्माले अभै पनि नेपाली समाजमा कथित जातपातका आधारमा दलित युवाको हत्याको श्रृंखला जारी रहनु दुर्भाग्यपूर्ण भएको बताए। उनले भने - "प्रहरी हिरासतमा भएको जघन्य अपराधका दोषीहरु सिन्धुली सिडियो स्कीम श्रेष्ठ, एसपी लालध्वज सुवदी र खुर्कोट इलाका प्रहरी कार्यालयका अधिकारीहरुलाई तत्कालन निलम्बन् गरी कानुनको कठघरामा ल्याउन जरुरी छ। घटनाको विश्वनीय छानविनका लागि संसदीय वा न्यायिक छानविन समिति बनाइनुपर्छ। प्रहरी हिरासतमा भएको हत्याको छानविन प्रहरीका एआइजी नेतृत्वको छानिवन समितिले गरेर हुन्न।"

सांसद विश्वकर्माले रास्वपाको सरकारले एकातिर दलितसँग माफी माग्ने अर्कोतिर दलित युवाको हिरासतमा हत्या गर्ने उदेकलाग्दो चरित्र देखेको समेत बताए। उनले भने 'पीडितको जाहेरी समेत नलिने सरकारसँग हामी सांसद र समग्र दलित समुदायले कसरी न्यायको आश गर्नु रु '

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले प्रहरीको सुरक्षा घेराभित्रै दलित युवा मारिनु राज्यले गरेको जघन्य अपराध भएको बताए। राज्यको नियन्त्रणमा घटना भएकाले यसको छानविन प्रहरीले गरेर नहुने भन्दै घटनाको छानविनका लागि उच्च अदालतको न्यायाधीश नेतृत्वको न्यायीक समिति वा संसदीय छानविन समिति गठन गरिनु पर्ने माग गरे। त्रिपाठीले भने 'घटनामा संलग्न प्रहरीलाई तत्काल निलम्बन गर्नुपर्छ। यो घटनाको प्रमाण जोगाउन राष्ट्रिय मानवअधिकार आयोगले एक जना आयुक्तको नेतृत्वमा टोली खटाएर घटनाको स्थलगत अध्ययन गर्नुपर्छ, प्रमाणहरु सुरक्षित गर्नुपर्छ।"

'एकातिर राज्यले नियन्त्रणमा लिएर युवाको हत्या गरेको छ, अर्कातिर राज्यले पीडितको जाहेरी लिइएको छैन। राज्यको यो भन्दा ठूलो बदनियत र बदमासी केही हुन सक्दैन।' त्रिपाठीले भने - 'यो घटनाको छानविन प्रहरीको छानविन समितिले होइन, न्यायधीश नेतृत्वको न्यायिक समिति र संसदीय छानविन समितिले गर्नुपर्छ। घटनामा संलग्नले प्रमाणहरु नष्ट गर्ने जोखिम छ।"

वरिष्ठ पत्रकार बाबुराम विश्वकर्माले राज्यले दलितसँग माफी मागेको देशमा श्रीकृष्णको हिरासतमा ज्यान जानु शताब्दीकै लज्जाजनक घटना भएको बताए। उनले भने - 'यो घटनाले देशको बेइज्जत मात्र भएको छैन, मानवता, मानवीय कानुन र मानवअधिकारककै धज्जी उडेको छ। प्रहरीको हिरासतमै नागरिकको ज्यान गएको छ, त्यसको जिम्मेवारी राज्यले लिनुपर्छ। घटनाको न्यायिक छानविन गरिनुपर्छ, सरकारले यसमा आलटाल गर्नु घातक हुन्छ।"

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका सम्भावना र चुनौतीहरू-२

● इन्द्रमोहन सिग्देल ●

छैटौँ, अन्तर्राष्ट्रिय सङ्गठन निर्माणको प्रश्न । साम्राज्यवाद भूमण्डलीकृत भएको आजको सन्दर्भमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको विकासका लागि अन्तर्राष्ट्रिय सङ्गठनको आवश्यकता पहिले भन्दा कैयौंगुना बढेर गएको छ । अर्थात्, भूमण्डलीकृत साम्राज्यवादको दवदवालाई कमजोर पार्न सर्वहारा वर्गले पनि वैश्विक स्तरमै प्रतिरोध गर्न आवश्यक भएको छ । यतिबेला, मालेमावादी कित्ताभित्र दुईओटा धार रहेका छन् । ती मध्ये मुख्यतः माओवाद भन्ने र गोन्जालो विचार मान्ने वा तिनको नजिक रहेका कम्युनिस्ट पार्टीहरुको एउटा धार बनेको छ । यो धारका पार्टीहरुले जनवादी केन्द्रीयताका आधारमा चल्ने अन्तर्राष्ट्रिय कम्युनिस्ट लिग गठन गरेका छन् । यसका साथै, एकीकृत अन्तर्राष्ट्रिय सम्मेलन मार्फत् मार्क्सवाद–लेनिनवाद–माओवादका आधारमा अन्तर्राष्ट्रिय सङ्गठन निर्माण गर्ने अर्को धारको तयारी पनि अगाडि बढिरहेको छ । अहिलेको स्थितिमा जनवादी केन्द्रीयताका आधारमा चल्ने कम्युनिस्टहरुको अन्तर्राष्ट्रिय सङ्गठन समय सापेक्ष छैन । स्वस्थ विचारधारात्मक सङ्घर्षका बीचबाट मुख्यतः यी दुईथरि धारलाई एकताबद्ध गरी सहमतिमा चल्ने खुकुलो प्रकारको अन्तर्राष्ट्रिय मञ्चको निर्माण गर्नु अहिलेको अर्को चुनौती हो ।

यसरी नै रुस, चीन, जापान, जर्मनी लगायतका प्रतिस्पर्धी देशहरूमा पनि सैन्य बजेटमा भारी बृद्धि गरिएको छ । विश्वमा हात हतियारको होडबाजी निकै बढेर गएको छ ।

उपरोक्त सङ्क्षिप्त विश्लेषणका आधारमा के भन्न सकिन्छ भने विश्व यतिबेला भयावह सङ्कटमा जकडिएको छ । विश्वका आधारभूत अन्तरविरोधहरू – पहिलो, साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तर्विरोध; दोस्रो, साम्राज्यवादी शक्तिहरूका बीचको आपसी अन्तर्विरोध र तेस्रो श्रम तथा पुँजीका बीचको अन्तर्विरोध – सबै विस्फोटक बन्दै गएका छन् । यो लेख तयार पार्दासम्म साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तर्विरोध नै प्रधान रहेको छ । तर, अमेरिका पुरानो एकल वर्चश्व पुनर्स्थापित गर्नका लागि आफ्नो मिसनमा नरोकिने र रुस-चीन आफ्नो साम्राज्यवादी स्वार्थको रक्षा एवम् हैसियत स्थापित गर्नका लागि त्यसको प्रतिकारमा उत्रिन वाध्य हुने स्थितिका कारण यो लेख पाठकका हातमा पुग्ने बेलासम्म अन्तर-साम्राज्यवादी अन्तर्विरोध प्रधान बन्ने र तेस्रो विश्वयुद्ध भड्किने खतरा टड्कारो छ । ट्रम्प पछि नहटेसम्म तेस्रो विश्वयुद्ध टर्ने छाँट देखिँदैन । भोलि त्यस्तो कुनै अप्रत्यासित स्थिति आएन भने, आजसम्मको अवस्थामा ट्रम्प पछाडि हट्ने देखिँदैनन् । जे होस्, तेस्रो विश्वयुद्ध भएपनि वा नभएपनि यतिबेला विश्व साम्राज्यवाद चौतर्फी सङ्कटबाट गुज्रिरहेको अवस्थाका कारण उत्पीडित देशहरूमा मात्र होइन, साम्राज्यवादी देशमा पनि सर्वहारा क्रान्तिको विकासका लागि वस्तुगत परिस्थिति अनुकूल बन्दै गएको र क्रान्तिको संभावना नजिकिएको छ ।

कम्युनिस्ट आन्दोलनका चुनौतीहरू

सम्भावना स्वतः वास्तविकतामा बदलिँदैन् । त्यसका लागि सचेतन पक्षको भूमिका निर्णायक हुन्छ । उपरोक्त अनूकूल परिस्थितिमा क्रान्तिको सम्भावनालाई वास्तविकतामा बदल्न अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका सामु तल लेखिए अनुसारका चुनौतीहरू रहेका छन् ।

पहिलो, मार्गदर्शक सिद्धान्तको प्रश्न । समकालीन विश्व कम्युनिस्ट आन्दोलनको प्रमुख अवरोध दक्षिणपन्थी संशोधनवाद हो । कम्युनिस्ट नामधारी पार्टीहरू मध्ये कसैले मार्क्सवादको त कसैले मार्क्सवाद-लेनिनवादको सैद्धान्तिक आवरणमा खुश्चेभी संशोधनवादको अभ्यास गर्दैआएका छन् । साम्राज्यवादी नवउदारवाद तिनीहरूको आर्थिक सिद्धान्त बनेको छ । विगतमा नेकपा (माके) जस्ता साम्राज्यवादको दलाली गर्ने प्रतिक्रियावादी पार्टीले माओवादको माला जपेर क्रान्तिको भ्रम दिएको यथार्थ हामीसँग छ भने, अर्कोतिर माओ विचारधारा मान्ने कतिपय पार्टीहरू पनि क्रान्तिको पक्षमा उभिँदै आएका छन् । यति मात्र होइन, मार्क्सवाद-लेनिनवाद-माओवाद मान्ने पार्टीहरूका बीचमा पनि बुझाइमा विविधता रहेको छ । यी मध्ये कोही मुख्यतः माओवाद भन्ने र कोही त्यसमाथि गोन्जालो विचारधारा जोड्नु पर्छ भन्नेहरू पनि छन् । मुख्यतः माओवाद भन्ने बुझाइले मार्क्सवाद-लेनिनवाद-माओवादलाई खण्डीकरण गर्छ, त्यसकारण यो गलत छ । पेरुको क्रान्तिमा गोन्जालोका योगदान महत्वपूर्ण छन्, ती योगदानको संश्लेषण आवश्यक छ । तर ती योगदान विचारधाराको तहमा विकसित भएका छन् भन्ने होइन । क्रान्तिकारी पङ्क्तिका बीचको बुझाइमा रहेको उपरोक्त विविधतामा सापेक्ष एकरूपता पैदा गर्नु र आन्दोलनको प्रमुख खतरा दक्षिणपन्थी संशोधनवादलाई नाङ्गेझार पारी मालेमावादलाई स्थापित गर्नु समकालीन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको पहिलो चुनौती हो ।

दोस्रो, क्रान्तिकारी पार्टी निर्माणको प्रश्न । क्रान्तिको सफलताका लागि पार्टी क्रान्तिकारी हुन र उसको आत्मगत शक्ति मजबुत हुन अनिवार्य छ । पार्टीको क्रान्तिकारीताको मापदण्ड उसको विचारधारात्मक तथा राजनीतिक कार्यदिशा र रणनीति तथा कार्यनीति सही छ वा छैन; अनुशासित, एकताबद्ध र जनवादी केन्द्रीयताका आधारमा परिचालित छ कि छैन भन्नेबाट निर्धारित हुन्छ । लेनिनले क्रान्तिकारी सिद्धान्त बिना क्रान्तिकारी आन्दोलन हुन सक्दैन भन्नु र माओले कार्यदिशा सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्दछ भन्नुको अर्थ यही हो । तर क्रान्ति सम्पन्न हुनका लागि पार्टीको कार्यदिशा सही भएर मात्र पुग्दैन व्यापक जनाधार पनि चाहिन्छ । माओले जनतानै इतिहासका निर्माता हुन भन्नु भएको यही अर्थमा हो । जनाधार अनिवार्य छ, तर जनाधार मात्र क्रान्तिको मापदण्ड होइन । क्रान्तिकारी सिद्धान्तबाट लैस भएका जनता मात्र क्रान्तिका आधार हुन् । दोस्रो अन्तर्राष्ट्रियका बेला जर्मनीको पार्टीको जनाधार रुसको पार्टीको भन्दा व्यापक थियो । पार्टीका नेता कार्ल काउत्स्की समकालीन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा लेनिनको तुलनामा धेरै स्थापित पनि थिए । तर पहिलो विश्वयुद्ध पछिको क्रान्तिकारी परिस्थितिमा रुसमा क्रान्ति सम्पन्न भयो, जर्मनीमा भएन । यसको कारण मुख्यतः विचारधारात्मक र राजनीतिक समस्या नै हो । विचार, सिद्धान्त तथा कार्यदिशा सही छैन भने पार्टी जतिसुकै ठुलो भए पनि त्यसबाट क्रान्तिको नेतृत्व हुन सक्दैन । यसरी, क्रान्तिको विकासका लागि सबैखाले गलत विचारधारा र मुख्यतः दक्षिणपन्थी अवसरवादलाई परास्त गरी जनाधार सहितको क्रान्तिकारी पार्टी निर्माण गर्नु अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको अर्को चुनौती हो ।

तेस्रो, नवउदारवादी अर्थप्रणालीलाई बुझ्ने प्रश्न । नवउदारवादी आर्थिक प्रणालीमा मालको उत्पादन तथा वितरण भूमण्डलीकृत भएको छ । यसमा दुईओटा पक्ष रहेका छन् : वाह्यपहुँच (इगतचभबअज) र आपूर्ति श्रृङ्खलाहरू (क्गउउथि अजबष्लक) । पहिलोले मागहरूको पहिचान गर्दछ र दोस्रोले ती मागलाई छिटो र कुशलतापूर्वक पुरागर्ने सञ्जाल तयार गर्दछ । अहिले उद्योगहरू पहिले जस्तै एउटै ठाउँमा लामो समयसम्म रहँदैनन् । उत्पादनका लागि कच्चा पदार्थ, सस्तो श्रम र बजारको उपलब्धताका आधारमा उद्योगहरू स्थानान्तरण भइरहन्छन् । उद्योगहरू मोबाइल हुने र मजदुरहरू हायर एण्ड फायर हुने हुँदा श्रमिकहरूको सेवामा स्थायित्व रहँदैन । अर्कोतिर, कतिपय अवस्थामा वस्तुका पार्टपूर्जाहरू धेरै देशमा बनाइन्छन् र अर्कै देशमा अन्तिम जडान गरेर उपभोग्य माल बन्दछ । यो प्रक्रियामा विभिन्न देशका श्रमिकहरू उक्त मालको मूल्य निर्माणमा सहभागी हुन्छन् र त्यो मूल्यमा ती देशका मजदुरहरूको अतिरिक्त श्रमको मूल्य जोडिएको हुन्छ । यसरी आजको साम्राज्यवादी युगमा उत्पादन र वितरण मात्र होइन, मजदुरहरूको श्रमको शोषण पनि भूमण्डलीकृत हुने गरेको छ । यो समग्र प्रक्रियाको गहिरो अध्ययन गरी यसका अन्तर्विरोधहरूको पहिचान गर्ने र श्रमिकवर्गलाई वैश्विक स्तरमा आन्दोलित गर्न उपयुक्त माग र नाराको विकास गर्ने प्रश्न अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको अर्को चुनौती हो ।

चौथो, राजनीतिक कार्यदिशाको प्रश्न । विश्वमा साम्राज्यवादको विकास भएपछि लामो समयसम्म अविकसित देशहरू अर्ध-सामन्ती तथा पूर्ण वा अर्ध-औपनिवेशिक अवस्थामा रहे । सामान्यतः दोस्रो विश्वयुद्ध र विशेषतः १९८०को सुरुबाट विश्वभरि नवउदारवाद लागु गरिएपछि पहिलेका उपनिवेश र अर्ध-उपनिवेशहरू अहिले नयाँ प्रकारका उपनिवेश अर्थात् नवउपनिवेशमा बदलिएका छन् । माओले जुन परिस्थितिमा नव/अर्ध-औपनिवेशिक तथा औपनिवेशिक उत्पीडन र नोकरशाही पुँजीवादको विश्लेषण गर्नुभएको थियो आज परिस्थिति त्यो भन्दा निकै अगाडि बढेको छ । यो स्थितिमा सर्वहारा क्रान्तिको विकासका निम्ति मार्क्सवाद-लेनिनवाद-माओवादको जगमा उभिएर नव-उपनिवेशवादको गहिरो अध्ययन र त्यसका आधारमा सम्बन्धित समाजको वर्ग विश्लेषण गरी उपयुक्त राजनीतिक कार्यदिशाको विकास गर्नु समकालीन कम्युनिस्ट आन्दोलनको अर्को चुनौती हो ।

पाँचौ, सामरिक कार्यदिशाको प्रश्न । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा अहिलेसम्म मुख्यतः दुई प्रकारका सैन्य कार्यदिशाको सफल प्रयोग भएको छ । ती हुन् : सशस्त्र जनविद्रोह र दीर्घकालीन जनयुद्ध । हिजो जुन परिस्थितिमा ती कार्यदिशा प्रयोग भएका थिए आजको परिस्थिति भने त्यस्तै छैन । विकसित पुँजीवादी देशहरूमा मात्र होइन, अल्पविकसित तथा अविकसित देशहरूमा पनि यातायात र मुख्यतः सुचना तथा संचार क्षेत्रमा आएको गुणात्मक विकासले विश्व नै एउटा सानो गाउँ बन्न गएको छ । यो स्थितिमा आधार इलाका सहितको दीर्घकालीन जनयुद्ध आजको परिस्थितिसँग मेल खाँदैन । तर, विश्वमा छापामार युद्धको भूमिका भने अरु बढेर गएको छ । फेरि, आजको विकसित परिस्थितिमा परम्परागत सशस्त्र जनविद्रोहको सामरिक कार्यदिशा पनि पर्याप्त छैन । विज्ञान तथा प्रविधिमा भएको विकास र अन्तर महादेशीय क्षेप्यास्त्र तथा ड्रोनहरूको प्रयोगका कारण विश्वमा युद्धको चरित्र नै बदलिएको छ । समकालीन कम्युनिस्ट आन्दोलनमा कतिपय पार्टीहरूले जनयुद्ध सार्वभौमिक छ भन्ने गरेका छन्, तर त्यसको पर्याप्त व्याख्या र विश्लेषण भएको छैन । जनताले लडने युद्ध सबै जनयुद्ध हुन् भन्ने अमूर्त भनाइले कम्युनिस्ट आन्दोलन कुहिरोको काग बन्ने खतरा बढेर गएको छ । यो समग्र स्थितिलाई ध्यानमा राखी विकसित परिस्थितिमा सैन्य कार्यदिशाको विकास गर्नु अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको अर्को चुनौती हो ।

छैटौँ, अन्तर्राष्ट्रिय सङ्गठन निर्माणको प्रश्न । साम्राज्यवाद भूमण्डलीकृत भएको आजको सन्दर्भमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको विकासका लागि अन्तर्राष्ट्रिय सङ्गठनको आवश्यकता पहिले भन्दा कैयौंगुना बढेर गएको छ । अर्थात्, भूमण्डलीकृत साम्राज्यवादको दवदवालाई कमजोर पार्न सर्वहारा वर्गले पनि वैश्विक स्तरमै प्रतिरोध गर्न आवश्यक भएको छ । यतिबेला, मालेमावादी कित्ताभित्र दुईओटा धार रहेका छन् । ती मध्ये मुख्यतः माओवाद भन्ने र गोन्जालो विचार मान्ने वा तिनको नजिक रहेका कम्युनिस्ट पार्टीहरूको एउटा धार बनेको छ । यो धारका पार्टीहरूले जनवादी केन्द्रीयताका आधारमा चल्ने अन्तर्राष्ट्रिय कम्युनिस्ट लिग गठन गरेका छन् । यसका साथै, एकीकृत अन्तर्राष्ट्रिय सम्मेलन मार्फत् मार्क्सवाद-लेनिनवाद-माओवादका आधारमा अन्तर्राष्ट्रिय सङ्गठन निर्माण गर्ने अर्को धारको तयारी पनि अगाडि बढिरहेको छ । अहिलेको स्थितिमा जनवादी केन्द्रीयताका आधारमा चल्ने कम्युनिस्टहरूको अन्तर्राष्ट्रिय सङ्गठन समय सापेक्ष छैन । स्वस्थ विचारधारात्मक सङ्घर्षका बीचबाट मुख्यतः यी दुईथरि धारलाई एकताबद्ध गरी सहमतिमा चल्ने खुकुलो प्रकारको अन्तर्राष्ट्रिय मञ्चको निर्माण गर्नु अहिलेको अर्को चुनौती हो ।

उपरोक्त विचारधारात्मक, राजनीतिक तथा साङ्गठनिक चुनौतीहरूको सामना गर्ने र क्रान्तिको सम्भावनालाई पक्रिने कुरा गर्दा दुईओटा गलत प्रवृत्तिहरू अगाडि आउन सक्छन् । पहिलो, उपरोक्त चुनौतीहरू पार गरेपछि मात्र क्रान्तिकारी आन्दोलनको उठानमा प्रवेश गर्नु पर्दछ भन्ने र दोस्रो, क्रान्तिकारी आन्दोलनको विकास गरेपछि उपरोक्त चुनौतीहरू स्वतः समाधान हुँदै जान्छन् भनी उपरोक्त चुनौतीको सामना गर्न सचेत प्रयत्न नै नगर्ने । यी दुवै प्रवृत्तिहरू नितान्त गलत छन् । सम्भावना र चुनौतीका बीचमा द्वन्द्वात्मक सम्बन्ध हुन्छ । क्रान्तिकारीहरूले यो द्वन्द्वात्मक सम्बन्धलाई ठीक ढङ्गले परिचालन गरी सिद्धान्त र व्यवहारको विकासलाई साथसाथै अगाडि बढाउन जोडदिनु पर्दछ ।

निष्कर्ष,

पुँजीवादी समाजमा आर्थिक सङ्कटहरू आइरहन्छन् र ती सङ्कटका पछाडि क्रान्तिको सम्भावना रहन्छ । तर, सबै सम्भावना क्रान्तिमा बदलिँदैनन् । विश्वयुद्धमा साम्राज्यवाद थिलोथिलो भएको बेला क्रान्तिले विजय प्राप्त गर्ने सम्भावना बढी हुन्छ र इतिहासमा त्यस्तै भएको पनि छ । तर क्रान्ति सफल हुन विश्वयुद्ध हुनु अनिवार्य छ भन्ने होइन र विश्वयुद्ध पछि क्रान्ति भइहाल्छ भन्ने पनि होइन । वस्तुगत परिस्थिति क्रान्तिका लागि परिपक्व भएको र आत्मगत शक्ति पनि तयार भएको बेला जनताको विद्रोह क्रान्तिमा बदलिन सक्छ । पहिलो विश्वयुद्धका बेला रुसमा क्रान्ति सफल भयो, जर्मनीमा भएन । त्यस्तै, दोस्रो विश्वयुद्ध पछि चीनमा क्रान्ति सफल भयो, भारतमा भएन । स्पष्ट छ, जर्मनी र भारतका कम्युनिस्ट पार्टीहरूले विभिन्न खाले अवसरवादलाई परास्त गरी एकताबद्ध क्रान्तिकारी पार्टी निर्माण गर्न र सही विचारधारात्मक तथा राजनीतिक कार्यदिशा विकास गर्न सकेनन् । ती देशमा आत्मगत शक्तिको विकासका लागि सचेतन पक्षको भूमिका पुगेन । दक्षिणपन्थी अवसरवाद पार्टीमा परास्त हुन सकेन । सहायक कारणहरू अरु पनि अवश्य छन्, तर पमुख कारण यी नै हुन् ।

सम्भावनालाई वास्तविकतामा बदल्ने प्रश्न आन्दोलन अर्थात् क्रान्तिकारी व्यवहारको विकाससँग र चुनौतीहरूको सामना गर्ने प्रश्न सिद्धान्तको विकास, क्रान्तिकारी पार्टीको निर्माण र सही रणनीति तथा कार्यनीतिसँग जोडिएको हुन्छ । सिद्धान्त र व्यवहारको द्वन्द्वात्मक सम्बन्धमा सामान्यतः व्यवहार प्रधान हुने भएपनि खास-खास बेलामा सिद्धान्तको भूमिका पनि प्रधान हुने गर्दछ । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन कमजोर हुँदै गएको अहिलेको अवस्थामा मालेमावादी सिद्धान्तलाई राम्रोगरी बुझ्ने, त्यसलाई आत्मसात गर्ने र क्रान्तिकारी व्यवहार मार्फत् त्यसको समय सापेक्ष विकास गर्ने प्रश्नले अग्रणी महत्व ओगटेको छ । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका उपरोक्त चुनौतीहरूको सामना गर्न मार्क्सवाद-लेनिनवाद-माओवादको जगमा क्रान्तिकारी आन्दोलनको उठानसँगै सिद्धान्त विकासको कार्यसूचीलाई पनि कम्युनिस्ट पार्टीहरूले विशेष महत्वका साथ अगाडि बढाउनु अहिलेको आवश्यकता हो । क्रान्तिकारी सिद्धान्त बिना क्रान्ति हुन सक्दैन भन्ने लेनिनको भनाइको मर्म यहीँ छ । *समाप्त*

मजदुर आन्दोलन आज किन कमजोर भयो : एक मूल्यांकन



● लोकनारायण सुवेदी ●

आजभन्दा १२३ वर्ष अघि अर्थात १९०३ मा अमेरिकाका छब्बिसौं राष्ट्रपति थ्योडोर रुजबेल्टले अन्तर्राष्ट्रिय मजदुर दिबसको सन्दर्भमा एउटा बहुचर्चित सम्वोधन गरेका थिए । त्यसमा के मूल र महत्वपूर्ण कुरा थियो भने - मानिसको जीवनमा यदि कुनै महत्वपूर्ण पुरस्कार छ भने त्यो 'काम गर्ने अवसर' हो, जुन यस्तो काम होस् जसले मजदुरको जीबिका चलोस् र महत्ता बढोस् ।

तत्कालीन अमेरिकी राष्ट्रपति रुजभेल्टले धेरै बर्ष अगाडि भनेको यो कुरा आज पनि यस अर्थमा अत्यन्तै महत्वपूर्ण लाग्दछ कि आजको २१औं शताब्दीको तेश्रो दशकको अन्त्यतिर बिश्व पुगिसक्दा पनि मजदुर वर्गको जीवनको यो सबैभन्दा ठूलो पुरस्कारबाट उ अझै पनि बञ्चित छ । अनि त्यो पुरस्कार(अर्थात काम पाउने अवसर) सुरक्षित काम पाउन सकिरहेको छैन र कामको खोजीमा आज पनि अन्तहीन किसिमले मजदुर वर्गको ठूलो संख्याले विश्वमा संघर्ष गरिरहेको छ । यति मात्रै होइन, कामको यस खोजीमा टाउको दुखाउनका लागि मजदुर बर्गको धेरै ठूलो संख्या आज पनि बिवश छ र यसरी कामको पुरस्कार पाउनबाट बिमुख मजदुरहरुको संख्या दिनानु दिन चिन्ताजनकरुपमा बढिरहेको छ ।

मूलरुपमा विश्वको स्थिति यस्तो भए पनि यस कालखण्डमा विकसित सम्पन्न अर्थ ब्यवस्था भएका देशहरुमा मजदुर वर्गको एउटा सानो तप्तकालाई चाँही कुन स्थितिमा पुगेको महसुश गराइदिएको छ भने उसले राम्रो पद, प्रतिष्ठा, पैसा र स्तरीय आवास र विलाशी गाडीसम्मको सुविधा लगायत जीवनको विलाशीताका प्रायः सबै सर-सामान जुटाएर आफ्नो सपना पूरा (यही कुरा पुरा हो त ?) गरिसकेको या गरिरहेको छ । ती विकसित देशहरुका मजदूर विरोधी व्यवस्थाहरुले यो स्थितिबाट बञ्चित ठूलो संख्याका मजदुर वर्गको बीचको एकतालाई खण्डित गर्ने तथा मजदुरै मार्फत मजदुहरुको शोषण गर्ने उपकरणकोरुपमा त्यसको उपयोग गर्न पनि चुकेको छैन ।

फलतः आम मजदुरहरुको स्थिति र नियति पनि आज त्यत्तिका धेरै बदि्लन सकेको छैन । यसको एउटा अर्को कारण के पनि के छ भने बदलिदो समयको साथै मजदूरका पुराना कामहरुका प्रायःजसो सबै कौशलहरु बेकार या पुराना हुन पुगेका छन् । तिनको जुन स-साना कामका अंशहरुमा आवश्यकता पर्दछ तिनको पनि सानो हिस्साले मात्र आवश्यक बताइएका कतिपय यस्ता नयाँ कौशलहरु हासिल पनि गरेका छन् । अनि तिनै मार्फत कुशलता र अकुशलता बीचको कथित लडाईलाई अझ तीब्र तुल्याएको छ । यस लडाईको माध्यमले कुशल र अकुशल मजदुरहरुका बीच ठूलो खाडल खडा गरेर कुन वास्तबिकतालाई झूटो प्रमाणित गर्न खोजेको देखिन्छ भने आम मजदुर अहिले पनि बेरोजागर रहन, अत्यन्तै कम बेतनमा काम गर्न तथा आफुले गरेको कामबाट सन्तुष्टी तथा महत्ता नपाउने स्थितिमा धकेलिन अभिशप्त छन् । स्वभाविक छ कि यसबाट सारा विश्वभरी नै केवल आयको असमानता मात्र बढेको छैन त्यस असमानताले गर्दा सामाजिक तनाब र असन्तोषको आगो पनि भुसको आगो जस्तै भित्रभित्रै सल्किरहेको छ र त्यो सर्बत्र ब्याप्त छ ।

निश्चय नै यो कालखण्डमा बदि्लदो विश्व व्यवस्था र प्रविधिका कारण रोजगारी र मजदुरीको संरचनामा धेरै ठूलो परिबर्तन आइसकेको र आइरहेको छ । फलतः अत्याधुनिक यन्त्रहरु र उपकरणहरुका कारण कयौं कठिन मानिने परम्परागत कामहरु पनि सहज हुन गएका छन् । अनि अविकसित तर बिकासशील देशहरुलाई छोडिदिने हो भने पनि सम्पन्न विकसित देशहरुमा उच्चरुपमा बढ्दो बेरोजगारीले बास्तविक स्थितिको दोश्रो पक्षलाई पर्दाफास गरिदिइरहेको छ । यसबाट एकदमै स्पष्ट हुन्छ कि नयाँ भनिएको विश्वव्यवस्था र त्यसका नीति निर्माताहरु विश्वमा कही कतै पनि ती गरीब तथा कमजोर तप्काका आम जनताको हितलाई ध्यान दिने गर्दैनन् जसलाई, थ्योडोर रुजबेल्टको भाषामा भन्ने हो भने, मानिसको जीवनको सबैभन्दा महत्वपूर्ण पुरस्कार सबैभन्दा बढी आवश्यक छ ।

यस प्रकारको अबाञ्छित स्थितिका कारणहरुको खोजी गर्ने क्रममा नोबेल पुरस्कार बिजेता माइल स्पेन्सले के भनेका छन् भने 'यस कुरामा कुनै दुइ मत छैन कि रोजगारी नयाँ प्रविधिको बिकासले पनि कम हुन पुगेको छ नै तर त्यसभन्दा पनि बढी भूमण्डलीकरणको विश्व वर्चश्व र कल्याणकारी नीतिहरुको अभावनै यसको सबैभन्दा ठूलो कारण हो । निश्चय पनि त्यो भूमण्डलीकरण नै हो, जसले ती संरचनात्मक सुधारहरुमा ब्यबधान खडा गर्दछ जुन सुधारहरुको मद्दतले रोजगारीको अवसर बढाउन सकिन्थ्यो र *बाँकी ६ पृष्ठमा*

गोप्य कोठा

● लीलाराज दाहाल ●

कार्यालय प्रमुखले कर्मचारीहरूको आपतकालीन बैठक बोलाए। उनीहरूको मनको आकासमा उत्सुकताको बादल लाग्यो। उनीहरू एक एक गरी कार्यालयको सभाहलमा दाखेल भए।

बैठक सुरु भएको उद्घोष गर्दै प्रमुखले भने, 'आज मैले अपर्भट बोलाउँदा तपाईंहरूलाई आश्चर्य लागेको होला। अहिलेसम्म हामीले कारोबार गरेको बैंकले राम्रो प्रतिफल नदिएकाले मैले बैंक परिवर्तन गर्ने निर्णय गरेको छु। अब तुरुन्त अर्को बैंकमा तलबी खाता खोल्नु होला। यही भन्न बोलाएको हुँ।'

'त्यो बैंकसँग कारोबार गरेको ६ महिना त हुँदै छ। सेवा सुविधा पनि राम्रै दिएको छ। छ महिनाअघि यसै भनेर नयाँ खाता खोल्न लगाउनु भयो। कतिवटा बैंकमा खोल्नु खाता पनि।' एक कर्मचारीले प्रतिवादको शैलीमा आफ्नो मन्तव्य व्यक्त गरे। उनको भनाइमा सबैले जोड जोडले ताली पड्काए।

अर्काले पनि उठेर भने, 'सबै बैंकहरूले सेवा शुल्कका नाउँमा रकम असुल्छन्। तलवले भात खानु कि बैंकलाई पोस्नु? कारोबार हुँदै आएको बैंकको भन्दा अहिले खाता खोल्ने बैंकको सेवा शुल्क निकै चर्को छ र सेवा सुबिधाको स्तर भने निकै कमजोर।'

फेरि जोड्ले ताली पड्कियो। तर पनि कार्यालय प्रमुखलाई कुनै असर गरेन। उनले पहिले भन्दा कड्केर भने, 'तलब चाहिए मैले भनेको बैंकमा खाता खोल्नु होला। मेरो फाइदाको लागि मैले यसो गरेको हो र? नयाँ बैंकमा खाता खोलेर मलाई केही लाभ छैन। मैले बैंकका स्टाफलाई बोलाइदिएको छु। उनीहरूले खाता खोल्ने, फारम भर्ने तरिका सिकाउने छन्।' यति भनेर उनी आफ्नो कोठामा पसे।

बैंकका स्टाफहरू बैठक हलमा पसेर कर्मचारीहरूलाई फाराम वितरण गर्न थाले। उनीहरू नयाँ खाता खोल्ने कि नखोल्ने भनेर आपसमा सल्लाह गर्दैथिए।

कार्यालय प्रमुख र बैंक म्यानेजर भने अङ्कमाल गर्दै गोप्य कोठाबाट बाहिरिए।

बागमती ११, कर्मैया, सर्लाही

मजदुर...

शक्ति तथा संसाधनहरुको मजदुर बिरोधी संकेन्द्रिकरणलाई रोक्न सकिन्थ्यो र सकिन्छ।

अवश्य पनि यस्ता गर्न सकिने सुधारहरुको अनुपस्थितिमा शिक्षामा उपयुक्त र आवश्यक परिवर्तन र प्रशिक्षण उपलब्ध गराउन सकिदैन, जुन शिक्षा र प्रशिक्षण बिना मजदुरहरुको नयाँ पिढीका पुराना कौशलहरु बेकारका बन्न पुग्दछन् तिनबाट उत्पन्न हुने चूनौतिहरुको सामना गर्न असक्षम हुनुपर्ने हुन्छ। यस कुरालाई पनि आज राम्ररी बुझ्न सकेको देखिदैन कि अकुशल र कुशल मजदुरका बीचको खाडल पुर्ने हो भने त्यसको पहिलो उपाय नै अकुशल मजदुरहरुको दक्षतालाई विकास गर्ने पर्ने हुन्छ। अनि यस्तो विकास कुनै एक दुइ क्षेत्रमा मात्रै होइन, सबै क्षेत्रमा गरिनु पर्ने हुन्छ। आजको दुनियामा कुनै हावादारी कौशलले आधुनिक विकास परियोजनाहरुको आवश्यकता पूर्ति हुन पनि सक्तैन र ती उपयोगी बन्न पनि सक्तैनन्।

यो कुरा बिश्वभरी र हाम्रै देशमा पनि उत्तिकै सान्दर्भिक छ। यहाँ त एकातिर उद्योगधन्धाकै अभाव छ, जसले गर्दा कामको अभाव छँदैछ, हुन्छ नै। अनि जे जति काम पाएका संगठित असंगठित मजदूरहरु छन् तिनको दुर्दशाका कारण के हुन्छ भने सत्ताधारी वर्ग र तिनका अनुचरहरुले उनीहरुलाई केवल अर्थबादमा अल्मल्याएर मजदुर वर्गको आमूल परिवर्तनकारी चेतनालाई भुत्ते पार्ने र दुषित तुल्याउने गर्दछन् र गरिरहेका छन्। जसले गर्दा आफ्नो आधारभूत वर्गीय हितको संघर्षकाप्रति समर्पित हुने बाटो बहुतै कंटकाकीर्ण बन्न जान्छ र बनिरहेको छ। यस स्थितिमा कम्तिमा दुइटा अनर्थ त पूरै स्पष्टरुपमा देखिन्छ्।पहिलो हो मजदुर आपसमै मजदुर वर्गका विभिन्न श्रेणीमा विभक्त छन् या भइरहेका छन् र ती हरेक 'आ-आफ्नै सीमित दायरा'मा केवल आफ्नो श्रेणीको संकीर्णतभित्र मात्र चिन्तित भएका या हुने गरेका छन्। यस स्थितिले गर्दा सामाजिक तथा आर्थिक आमूल परिबर्तको 'हिराबल दस्ता'का रुपमा उनीहरुको कुनै भूमिका नै आज देखिन छोडेको छ। यसरी एक जमानको सशक्त विश्व ट्रेड यूनियन आन्दोलन शिथिल कमजोर हुन पुगेको छ।

अर्को दोश्रो कारण हो कि मजदुरहरु पहिचानमा कयौं अन्य संकीर्ण कुरा जस्तो जातीय, धार्मिक र साम्प्रदायिक सोच हावी र प्रभावी हुन थालेको छ। त्यसले गर्दा मजदुर बर्गको हितमा हुने संघर्षहरु, आन्दोलनहरुको बेला केही जोशमा आएर लागेको देखिए पनि राजनीतिक निर्णय गर्नुपर्ने बेलामा आजको स्थितिमा चुनावको बेलामा पनि उनीहरुको समेत अर्कै रंग देखिन थाल्दछ। ती कुराको वशिभूत भएर सही अर्थमा मजदुर वर्गको बर्गीय आन्दोलनले सही दिशा र गति पाउन सक्तैन। यो बिगतदेखि अहिलेसम्मका अनुभवहरुले प्रष्ट पार्दै आएको महत्वपूर्ण अनुभवको निचोड हो।

यस्तै प्रकारका अल्मल र दोमनका कारणले समेत गर्दा पाँच बर्ष जति अघि बिश्वब्यापीरुपमा देखापरेको र फैलिएको विश्व कोरोना महामारीका बेला सही किसिमले मजदुर हितलाई नसोची उतिबेला लगाइएको 'लकडाउन'का बेला उनीहरुले आफ्नो रोजीरोटी गुमाउँदा र भोक र रोगको भीषण त्रासदीमा एकैचोटी पर्दा पनि उनीहरुको संघर्ष दबाबकारीरुपमा उठ्न सकेन। न तिनले सदाशयता र सहानुभूति नै त्यत्ति धेरै पाउन सके। न पहिलेदेखि नै रहेका मजदुर बिरोधी श्रम कानुहरुको बिरुद्ध आन्दोलनलाई हस्तक्षेकारीरुपमा संगठित नै गर्न सके। अहिले स्थिति त कस्तो देखिन थालेको छ भने अब मजदुर वर्गले ८ घण्टाको साटो बाह्र घण्टा काम गर्नु पर्ने र त्यो पनि रोजगाराताको निगाहमा रहनु पर्ने त्रासद स्थिति सामुमा देखा पर्न थालेको छ।यसले गर्दा उनीहरुले लामो समयदेखिको संघर्षबाट पाएका आंशिक अधिकारहरु पनि गुम्ने वा क्रमशः गुम्दै जाने स्थिति बिकसित भइरहेको देखिन्छ। त्यसैले सम्पूर्ण संगठित तथा असंगठित क्षेत्रका श्रमजीवी बर्ग आज अझ बढी सचेत, अझ बढी संगठित र अझ बढी संयुक्तरुपमा संघर्षशील बनुन्। उनीहरुका अगाडि अरु कुनै बिकल्प र बनिबनाउ बाटो पनि छैन। यो आजको विश्वको कटु यथार्थ हो। यस यथार्थलाई आत्मसात गरेर यो विश्वब्यापी आन्दोलनलाई सही किसिमले पुनर्जीवित तुल्याउन अग्रसर हो औं! अन्तर्राष्ट्रिय १३७औं मई दिवस जिन्दावाद!

४२औं मित्रमणि...

मित्रमणि आचार्य पाँच जना दाजुभाई मध्ये काइलो हुनुहुन्थ्यो। तर तात्कालीन अवस्थामा उहाँको व्याचमा ३ जना अग्ला विद्यार्थी मध्ये उहाँ बीचको भएकोले उहाँको अर्को नाम 'माइलादाई' (माइलो अग्लो) थियो। २०४० साल माघमा चितवन जिल्ला अ.ने.रा.स्व.वि.यु.को आठौं जिल्ला सम्मेलन रामपुर क्याम्पसको उत्तरपट्टि नारायणी नदीको किनारको घना शिसौको जंगलको बीचमा भूमिगत रुपमा सम्पन्न भयो। म त्यतिखेर वीरेन्द्र बहुमुखी क्याम्पसमा बि.ए. दोस्रो वर्षमा पढ्दै थिएँ। त्यो सम्मेलनले मलाई अध्यक्ष र मित्रमणिलाई उपाध्यक्षमा निर्वाचित गऱ्यो। २०४० चैत्र मै सम्पन्न आठौं राष्ट्रिय सम्मेलनले उहाँ केन्द्रीय समितिमा चुनिनु भयो।

२०४२ सालमा चितवनमा कांग्रेसी गुण्डागर्दीको विगविगी थियो। शिवप्रसाद पौडेल, मित्रमणि आचार्यहरु कांग्रेसी गुण्डाहरुबाट मारिएका थिए। कांग्रेस र कम्युनिस्टलाई भिडाएर ३० वर्षसम्म निरंकुश राजतन्त्र र पंचायत टिकाउने खेलको बेग्लै समीक्षा र सिंहावलोकन गर्न जरुरी छ।

यसै सन्दर्भमा चितवनको मेघौली गाविसमा रहेको मा.वि.मा कांग्रेसी प्रधानाध्यापकले विद्यार्थीलाई गरेको दमनको विरोधमा मेघौलीको पर्शाढापमा एउटा अभिभावक भेला राखिएको थियो। त्यही भेलामा जाने तयारी गरिरहेको अवस्थामा पहिलेदेखि नै हातहतियार सहित जिपमा आएका मण्डले र कांग्रेसी संयुक्त गुण्डाहरुले आक्रमण गर्छन्। नजिक रहेको चौधरीको घरमा भित्र मणिलगायतका साथीहरु घरभित्र लुक्न पुग्छन्। गुण्डाहरु घरभित्रै पसेर ५ जना साथीहरुलाई निर्घात कुटपिट गर्छन्। अरु ४ जना सघन उपचारपछि बाँच्न सफल हुन्छन्। ती मध्ये १ जना घाइते विष्णु थापा पिटाइकै कारण मानसिक तनावमा परिरहेका हुन्छन् र केही वर्ष अगाडि आत्महत्या गर्छन। अन्य ३ जना अहिले पनि ठूलो पीडाका बीचमा बाँचिरहेका छन्। मित्रमणि आचार्य ज्वरो आएको विरामी परेको र अत्यधिक पिटाइ र ढुंगा हातहतियार (खुडा, खुकुरी, भाला, बर्चा, चेन) को प्रयोगको कारण कानभित्रबाट रगत बगिरहेको र बेहोस अवथामै झण्डै २० कि.मि. पश्चिमबाट एउटा सर्वाजनिक बसमा राखेर साथीहरु सहित भरतपुर अस्पतालमा लगिन्छ र उपचार गराउँदागराउँदै वैशाख १८ गते राति २:०५ मा अर्थात १ गते विहान मे दिवसको पूर्व सन्ध्यामा दुःखद मृत्यु हुन पुग्दछ। एक जना मजदुर पक्षीय विद्यार्थी नेताको सहादतले चितवन लगायत सिंगो देश शोकाकुल र स्तब्ध हुन पुग्यो। आज पनि कहिले १८ गते कहिले १९ गते मई दिवस पर्ने गर्छ। मई दिवस मनाउँदा मित्रमणि दिवस पनि सँगै मनाउँदा राम्रो हुन्छ।

मित्रमणि सहिद भइसकेपछि त्यसको व्यापक विरोध भण्डाफोर घटनाको विस्तृत विवरण रामपुर स्ववियुको मुखपत्र ५० जना हत्याराहरुको विरुद्ध जाहेरी दर्खास्त चितवन जिल्ला अदालतमा भएको बहस पैरवी फैसलामा उल्लेख भइसकेको छ। अध्ययता र अनुसन्धान गर्नेहरुले त्यसलाई पुनः अध्ययन गर्न सक्नुहुनेछ। सहादत पछिका केही प्रतिनिधि घटनाः मे दिवसको पूर्व लाली छाउँदै गर्दा मित्रमणिको सहादतको देशैभरी खबर डढेलो जसरी फैलियो। तात्कालीन अनेरास्ववियुका केन्द्रीय महासचिव रमन श्रेष्ठ श्रद्धाञ्जली दिन काठमाडौंबाट चितवन आइपुग्नुभयो र तात्कालीन अवस्थामा चितवनमा विद्यार्थी र जनसमुदायको सबैभन्दा ठूलो सभा हस्पिटल अगाडि र शव यात्रामा उहाँले जोडदार मन्तव्य राख्दै क्रान्ति र नयाँ जनवादले मात्र मित्रमणिको हत्याको बदला पूरा हुनेछ भन्नुभयो।

झण्डै १० हजार विद्यार्थी र जनताको उपस्थितिले भरपुर अस्तव्यस्त हुन पुग्यो। प्रहरी कार्यालय अगाडिबाट व्यानर, प्लेकार्ड र आक्रोशित जनसमूह नारा लगाउँदै हालको नारायणी पुलको दक्षिणमा बनाइएको चितासम्म शव यात्रा पुगेको थियो। पुलिस प्रशासन यति आतंकित थियो कि मूलगेट लगाएर हतियार सहित भित्री कार्यालय गेटमा सतर्क पोजिसनमा उभिएका थिए।

० तत्काल चितवन जिल्ला पार्टीले १० हजार पर्चा छापेर "विद्यार्थी नेताको हत्या" शीर्षकमा सडकका दुवै पेटीमा उभिएका जनतालाई हत्याको जानकारी गराइएको थियो। त्यतिखेर अहिले जस्तो फोन र एफएम, रेडियो नभएकोले यो नै संचारको प्रभावकारी माध्यम बन्यो।

० प्यूठानबाट मित्रमणिका माइला दाजु र एक जना भतिज आइपुग्नु भएको थियो। शव आधा जलिसकेको अवस्थामा २ ट्रक सेना नारायणी किनारमा आइपुगेछ आश्चर्य र कौतुहलताको बीच शाही नेपाली सेनाको कमाण्डर नाम र दर्जा थाहा भएन, एउटा टुकुडी सहित शवको परिक्रमा गरेर ३ अंजुली पानी चितामा चढाएर फरक्क फर्किएर गयो। यो किन गरियो अहिलेसम्म गर्भकै विषय बनेको छ।

मित्रमणि खाली विद्यार्थी मात्र हुनुहुथेन। २०४१ साल मंसिरमा सम्पन्न पाँचौं महाधिवेशन पछि बनेको नेकपा(मशाल) रामपुर जिल्ला पार्टी शाखा जो सिधै केन्द्रले चलाउँथ्यो, त्यसको सेक्रेटरी पनि हुनुहुन्थ्यो। बाहिर जिल्लाबाट रामपुरमा पढ्ने पार्टीका कमरेडहरुलाई भूमिगत रुपमा माथिबाटै परिचालित गरिन्थ्यो र चितवन जिल्ला पार्टीमा जोडिदैनथ्यो।" यो पंक्तिकार भने स्थानीय भएकोले चितवन जिल्ला पार्टी अन्तर्गत काम गर्दथ्यो।

मित्रमणिको यस्तो समयमा सहादत भयो कि पार्टी मित्र तीव्र र व्यापक २ लाइन संघर्ष चलेको थियो। त्यसको ६ महिनापछि असोजमा पार्टी 'मशाल' र मसाल भए फुट्यो। त्यसको औपचारिकता मंसिरमा राष्ट्रिय सम्मेलन गरेर (मसाल) ले दियो।

० मित्रमणि आचार्य पार्टीभित्र चल्ने २ लाइन संघर्षमा जहिले पनि क्रान्तिकारी लाइनमा उभिनुहुन्थ्यो। २०४१ साल मंसिर १-१३ गते सम्पन्न पाँचौं महाधिवेशनमा भाग लिएर फर्किएपछि, मित्रमणिको होस्टेलको कोठामा यो पंक्तिकारको विस्तृत कुराकानी भएको थियो।

० रामपुर क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरु मेधावी विद्यार्थीहरु हुन्थे। २ वर्ष, विज्ञान संकाय, पक्लिहवा सुन्दरबजार पढेर ३ वर्षे कृषि पढ्न रामपुर आउने गर्दथे। रामपुरमा पढ्न आउने विद्यार्थी प्रायः धनी मध्यम वर्गका हुने गर्दथे पढाई शुल्क होस्टल शुल्क र टाढाटाढा देशैभरीबाट आउँदा यातायात खर्च गरिब निम्न वर्गका विद्यार्थीहरुले बेहोर्नै सक्दैनथे। रामपुर क्याम्पसमा नेकपा (मशाल) समर्थकको बाहुल्यता थियो। हरेक वर्ष पाँचौं वर्ष सकेर विदा हुने विद्यार्थीलाई भूमिगत रुपमा क्याम्पस नजिकै क्याम्पस पार्टी जिल्ला शाखाको आयोजनामा मित्रमणि (शाखा सेक्रेटरी) को नेतृत्वमा खुशीराम पाखिनको घरमा विदाई कार्यक्रम राखिन्थ्यो। पार्टी केन्द्रबाट आउने प्रतिनिधिले तपाईहरु अब कृषि अधिकृत जागिर खान जानुहुन्छ। जहाँ रहेपनि देश, जनता, पार्टी र क्रान्तिको पक्षमा काम गर्नुहोला। तपाईहरु घरजाँदा तपाईहरुले प्रयोग गरेका लाउने कपडा सिरक, डसना, दरी, तकिया, तन्ना साइकल पार्टीलाई छोडेर जानुहोला ताकि हामीले पूर्णकालीन गरिब कार्यकर्ता सर्वहारा सुकुम्बासीहरुलाई वितरण गर्न सकौं। तपाईहरु त जागिर खाएर किन सकिहाल्नु हुन्छ भनिन्थ्यो। साथीहरुले खुशीसाथ छोडेर जान्थे। ती सामानहरु रामवृक्ष यादव मार्फत् धनुषाको कर्जनीया सुकुम्बासी बस्ती लगायत देशभर पार्टीले सुकुम्बासी वस्ती बसालेका ठाउँमा साथै पूर्णकालीन कार्यकर्ता गरिब कार्यकर्तालाई वितरण गरिन्थ्यो। (नोट : रामवृक्ष यादव बहुदल आएपछि शहिद बन्नुभयो)। र पार्टी काममा सहज हुन्थ्यो। मित्रमणिका अक्षर कमिलाका फुलजस्ता गोला मिलेका साह्रै राम्रा थिए। उहाँले केही कविता पनि सिर्जना गर्नु भएको थियो। २०-२२ वर्षकै उमेरमा मित्रमणिले देश र जनताको लागि धेरै दिएर कहिल्यै नबिग्रने गरी ध्रुव तारा जस्तै अटल, अजर, अमर भएर जानुभयो। हामीले मित्रमणिलाई सच्चा श्रद्धाञ्जली दिने र सम्झने भनेको उहाँले देखाएको र देखेको सपना नयाँ जनवाद-समाजवाद-साम्यवादको बाटोमा जीवन पर्यन्त संसदवादी, सुधारवादी, अवसरवादी, मिलेरावादी नभइकन निरन्तर हिंडिरहनु हो। जसरी बग्दछ इन्द्रवती।

आजको नविनतम सिद्धान्त भनेको कम्युनिस्ट सिद्धान्त हो।यहाँ भन्दा नयाँ सिद्धान्त अर्को छैन कम्युनिस्ट घोषणापत्र प्रकाशित भएको मितिले यो सिद्धान्त जम्मा १७८ वर्षको सबैभन्दा बच्चा हो। संसदवाद झण्डै ४०० वर्ष पुरानो र सामन्तवाद (राजतन्त्र) १००० वर्ष भन्दा पुराना सिद्धान्त हुन्। बुढाहरु पहिला मर्छन् र बच्चाको भविष्य हुन्छ। महान् माओले भनेजस्तै आगामी सय पचास वर्ष उथलपुथलका वर्ष हुनेछन्, कि क्रान्तिले तेस्रो विश्व युद्ध रोक्नेछ, कि विश्वयुद्धले क्रान्ति जन्माउने छ।

दृष्टि क्षीतिजमा तेस्रो विश्वयुद्धको कालो बादल मडारिन थालेको छ। तेस्रो विश्वयुद्ध शुरु भयो भने महान् लेनिनले भनेझैं हामीले विश्वयुद्धमा पछि लाग्नु हुँदैन भाग लिनुहुँदैन। "आ-आफ्ना देशका प्रतिक्रियावादीहरुको विरुद्ध क्रान्ति गर्नुपर्छ। जति क्रान्ति नजिक आउँदै जानेछ। सहिदहरु चम्किँदै जानेछन्। क्रान्ति सम्पन्न भएपछि सहिदहरुका सपना साकार हुनेछन्। सहिदहरु कहिल्यै मर्दैनन्। गणना जिउँदाको मात्र हुन्छ। आजसम्म पृथ्वीमा कति जन्मेर मरे कसैले तथ्यांक राखेको छैन। ८ अरब मानिस अहिले संसारमा छन्। २ करोड ९२ लाख नेपालमा छन्। १९९७ सालमा ४ जना २०४६ सालका २६ जना जनयुद्धका १७ हजार गणना गरिएको छ। उनीहरु मरेका छैनन् उत्तरी ध्रुवमा ध्रुवतारा जस्तै चमचमाइरहेका छन् र हामीलाई बाटो देखाइरहेका छन्। मित्रमणि आचार्यले जस्तै।

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं!
- www.moolbato.com
- www.hanktoday.com
- www.daunnenews.com
- ww.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृस्टि साप्ताहिक
- हाँक साप्ताहिक

❑ यो साता कविता

म सुकुम्बासी

❑ कमला नेपाली

गाउँको हावा
बारीको माटो छाडेर
सपना बोकेर
सहर आएकी थिएँ
सुखको भविष्य खोज्न
समानताको घर खोज्न
तर सहरले पहिचानै फेरिदियो
तँ त सुकुम्बासी पो भन्छ
हावा पनि कहिलेकाँही
विभेदको स्वर सुसेल्छ
संसार झनै मिठो भयो
तर जमीन भने अरूको रह्यो।

हर समय खोलाको डर
राति निदाउन खोज्दा
बाढीको आवाजले तर्साउँछ
तर बिहान फेरि उठ्छु
आफु जस्तै छिमेक हेर्छु
छोराको अनुहार हेरेर नयाँ साहस जन्मिन्छ
सासुको कठोर बोली
समाजको अपमान
म त सुकुम्बासी तर कमजोर होइन
टिनको छानो मुनि
मेरो आत्मसम्मान र सपना जिबित छ
म गाउँबाट आएकीले
सहरमा पनि माटो खोज्दै छु
जहाँ म भन्न सकूँ यो मेरो घर हो
परन्तु आज त्यही सुकुम्वासी बास
उजाडिदियो एउटा क्रुर हावाले
हावा डोजर लिएर आएको थियो
हुकुमवासी सिंहदरबारबाट।

(इच्छुक अङ्क १३ बाट)

नयाँ वीरनरसिंह दुई



❑ मोदनाथ मरहट्टा

इतिहासको नयाँ पुनरावृति
भोका प्रजाहरुको नयाँ शासक
सुनको थालमा भुजा ज्युनार गरेर
गद्दी बैठक पस्दै हरेकदिन
दुनियादारका दुःखमाथि मजाक उठाउँछ
आफ्ना भाइभारदारको राय माग्दैन
भारदारी सभाको ख्याल गर्दैन
न बक फुट्छ न विवेकको परख हुन्छ
हुक्के, बैठके, चौतरिया तैं चुप मैं चुप
केवल आदेश
आदेशमाथि आदेश।

श्रमिकको पसिनाभन्दा सुन्दर मान्छ
खोलाको बगर
बगरमा गूँड थापेका चराहरु
कुरूप हुन उनका श्यामनयनमा
चित्कार सुनिने कान थुनेर
भोकाहरुको मुख थुनेर
रविनहरुको रगतमा सम्बेदनाहीन नीरो
जसले दिएको मानु खायो
उसैमाथि लाठी बजायो
युवाहरुको मस्तिष्कमा घुन उमार्न
चेतनाको मुहानमा बिर्को लगायो।

आलीशान अट्टालीमा रम्दै
थार मरूभूमिको सौन्दर्य रोज्छ
उधारोमा पजनी बुझेको
मधुमास नपुग्दै
बेलगाम घोडा कुदाउँदै हाँसिरहेछ
नयाँ शासक वीरनरसिंह दुई।

हिजो शहर झकमक पार्न भन्दै
हरेकदिन निस्कन्थे जुलुश
राता टोपिका
काला टोपिका
पँहेला दौरा सुरूवालका
शहरको अँध्यारो निखार्ने मुखमा
आज ताल्चा लागेको छ
जङ्गी ओदेशको उत्ताउलो रागले
टुँडिखेलमा जङ्गेको घोडा पक्रने
मदभोगी जस्ता हनुमानहरु
आँखा चिम्लिएर गाइरहेछन्
वीरनरसिँह चालिसा
उठ बुझ भोकाहरु
विवेक भरिएका पोकाहरु
हिटलरी जग भत्काउन अबेर नगरौं।

बिना बिकल्प...

मिति २०८३ वैशाख १० गते सहायक प्रमुख जिल्ला अधिकारी काठमाण्डौद्वारा हस्ताक्षर गरी नदी किनारमा बनाइएका घर टहरा ११ गते साँझ ७:०० बजेसम्म खालि गरिसक्नु पर्ने र सो नगरे १२ गते विहान ६:०० बजेदेखि डोजर लगाएर भत्काइने छ भनी प्रकाशित सुचनाप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । वास्तविक सुकुम्बासीको पहिचान र तिनको बसोबासको वैकल्पिक व्यवस्था नगरी अन्धाधुन्ध डोजर लगाएर जनतालाई दुःखदिने बालेन सरकारको यो कदमको हाम्रो पार्टी घोर विरोध गर्दछ । साथै, सरकारको यो अन्यायपूर्ण कदमको विरोधमा उत्रिन सम्पूर्ण न्यायप्रेमी जनतामा हार्दिक आह्वान गर्दछ ।

मिति : २०८३ वैशाख ११

सुदर्शन (प्रवक्ता)

Press Statement Suumbasi

दुई सुकुम्बासीले...

नाराबाजी गरेका थिए । उनीहरूले ‘संविधान अनुसार बाँच्न दे’, ‘राज्य आतंक बन्द गर’ जस्ता नारा लगाउँदै विकल्पबिनाको बस्ती हटाउने अभियानको विरोध गरेका छन्।

आन्दोलन नेपाल बसोबास बस्ती संरक्षण समाज धरानका अध्यक्ष सुवास थुलुङ राईको नेतृत्वमा आयोजना गरिएको थियो। प्रदर्शनमा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का स्थानीय नेताहरूले समेत समर्थन जनाएका थिए ।

प्रदर्शनलाई सम्बोधन गर्दै राईले सुकुम्बासीमाथि भइरहेको ‘राज्य आतंक’ तत्काल बन्द गर्न माग गरे। “हामीलाई बसोबासको अधिकार चाहिन्छ, बल प्रयोग होइन,” उनले चेतावनी दिँदै भने, “सरकार पछि नहटे थप कडा आन्दोलनमा जान्छौं ।”

स्थानीयका अनुसार करिब १० हजारभन्दा बढी सुकुम्बासी प्रदर्शनमा सहभागी भएका थिए। आन्दोलनका कारण केही समय यातायात प्रभावित भएको थियो भने सुरक्षा व्यवस्था कडा पारिएको थियो।

धरानमा करिब ३० हजारभन्दा बढी सुकुम्बासी बसोबास गर्ने अनुमान छ। उनीहरू लामो समयदेखि सार्वजनिक तथा ऐलानी जग्गामा बस्दै आएका छन्।

सरकारले सार्वजनिक जग्गा अतिक्रमण हटाउने नीति अघि बढाए पनि पुनःस्थापना र व्यवस्थापनको स्पष्ट योजना अभावका कारण स्थानीय स्तरमा असन्तुष्टि बढ्दै गएको छ।

यसबीच, धरानका कार्यवाहक मेयर अइन्द्रबिक्रम बेघाले सुकुम्बासीलाई घरवारविहीन बनाउने गरी डोजर नचलाइने आश्वासन दिएका छन्।

धरानको पछिल्लो घटनाले सुकुम्बासी समस्या समाधानका लागि दीर्घकालीन नीति र संवादको आवश्यकता झन् प्रस्ट पारेको छ।

त्यसैगरी, जिल्ला सदरमुकाम घोराहीमा शुक्रबार भूमिहीन सुकुम्बासीहरूले प्रदर्शन गरेका छन्। जिल्ला प्रशासन कार्यालय दाङले सरकारी जग्गामा बनेका संरचना हटाउने तयारी गरेको भन्दै विरोधमा उनीहरू सडकमा उत्रिएका हुन्। प्रशासनले सूचना जारी गरेपछि आन्दोलन थप चर्किएको छ।

प्रदर्शनमा सहभागीहरूले हातमा प्लेकार्ड र ठूलो ब्यानर बोकेर आफ्नो माग सार्वजनिक गरेका थिए।‘सम्पूर्ण भू-स्वामित्वबाट वञ्चितहरू एक हो। सरकार हामीलाई अविलम्ब भू-स्वामित्वसहितको आवासको व्यवस्था गर।

भूमि अधिकार तथा श्रमिक, मुक्त कमैया समाज, गुठी, मोही, दलित संगठनलाई डोजर होइन न्याय देऊ सरकार’ भन्ने मुख्य नारा सहित प्रदर्शन गरिएको हो।

प्रदर्शनकारीहरूले वर्षौंदेखि बसोबास गर्दै आएका स्थानबाट हटाउने प्रयास अन्यायपूर्ण भएको भन्दै विरोध जनाएका छन्। उनीहरूले सरकारले आवासको सुनिश्चितता र भूमि स्वामित्व प्रदान गर्नुपर्ने माग अघि सारेका छन्।

मन्त्रालयको पत्राचारलाई बेवास्ता गर्दै सुकुम्बासी बस्तीमा डोजर

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बिहीबार सचिवस्तरीय निर्णय गरी जग्गा खाली गराउनुअघि सुकुमवासी व्यवस्थापनको काम सक्न बिहीबार देशका ७५३ वटै स्थानीय तहलाई परिपत्र गरेको थियो । मन्त्रालयले मन्त्रिपरिषद्‌बाट पारित ‘एक सय कार्यसूची’ को बुँदा नं. ९२ बमोजिम यो कदम चालेको जनाएको थियो ।

मन्त्रालयको परिपत्रअनुसार स्थानीय तहले सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा ‘वास्तविक सुकुमवासी’ पहिचान गर्नुपर्नेछ । वास्तविक भूमिहीन प्रस्ट भएपछि मात्र हटाउने प्रक्रिया सुरु गर्नुपर्ने पत्रमा उल्लेख छ । पहिचान भएका सुकुमवासीलाई स्थानान्तरण गर्न स्थानीय तहले ठोस योजना बनाउनुपर्ने पनि भनिएको छ ।

पत्रमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ लाई स्मरण गराउँदै मन्त्रालयले सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने मुख्य दायित्व गाउँपालिका र नगरपालिकाकै भएको उल्लेख गरेको छ ।

पत्रमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ लाई स्मरण गराउँदै मन्त्रालयले सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने मुख्य दायित्व गाउँपालिका र नगरपालिकाकै भएको उल्लेख गरेको छ ।अतिक्रमण हटाउने क्रममा सुरक्षा चुनौती देखिए स्थानीय तहले जिल्ला प्रशासन कार्यालयबाट सुरक्षाकर्मी माग गर्न सक्ने भनिएको छ । सुकुमवासीलाई अन्यत्र व्यवस्थापन गर्दा सुरक्षित आवास, स्वास्थ्य खानपान, औषधोपचारसहितको व्यवस्था गर्न भनिएको छ ।

तर शुक्रबार काठमाडौं उपत्याकाका शंखमूल, बंशीघाट, बल्खु लगायतका क्षेत्रमा डोजर लगाएर सुकुम्बासीहरुलाई उठिबास लगाइयो । बाढीको जोखिम मुक्त तथा नदीको माथिल्लो तटीय क्षेत्रका अव्यवस्थित बस्तीमा पनि डोजर लगाइयो । स्रोतका अनुसार हालसम्म राज्यले यस्ता बस्तीमा जोडर लगाएर नागरिकको १४ अर्ब बढीको भौतिक संरचना ध्वस्त पारिदिएको विभिन्न अनौपचारिक स्रोतहरुले जानकारी दिएका छन् ।

भूमि ऐनप्रतिको बेवास्ता

भूमिसम्बन्धी ऐनले भूमिहीनलाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि आयोग, समिति वा कार्यदल गठन गर्ने भनेको छ । ऐनको त्यही व्यवस्थाअनुसार भूमि समस्या समाधान आयोग गठन हुने गरेको छ । आयोगले स्थानीय तहसँग समन्वय गरेर भूमिहीनको पहिचान तथा उनीहरूलाई जग्गा वितरणसम्बन्धी कार्य गरिरहेको छ । आयोगमार्फत भएका कामको संघ सरकारले स्वामित्व लिएर त्यही विधिलाई गति दिनुपर्ने ढुंगाना बताउँछन् ।

स्थानीय तहमार्फत आयोगमा जग्गा प्राप्तिका लागि १२ लाख १३ हजार ८ सय १२ जनाले निवेदन दिएका छन् । ९८ हजार ८ सय ५१ भूमिहीन दलित, १ लाख ८१ हजार ३ सय ७८ भूमिहीन सुकुमवासी तथा ९ लाख ३३ हजार ५ सय ८३ अव्यवस्थित बसोबासीले आयोगमा निवेदन दिएका बताएका थिए ।

सबैभन्दा बढी लुम्बिनी प्रदेशबाट ३ लाख १८ हजार ९ सय ८५ जनाको निवेदन आएको छ । कोशीबाट २ लाख ५२ हजार, सुदूरपश्चिमबाट २ लाख ३१ हजार, बागमतीबाट १ लाख ३५ हजार, मधेशबाट १ लाख २४ हजार, गण्डकीबाट ९२ हजार ८ सय र कर्णालीबाट ५८ हजार वटा निवेदन परेका छन् । भूमिहीनका लागि आवाज उठाउँदै आएका अभियन्ता विश्वास नेपाली देशैभर भूमिहीनको संख्या १५ लाखभन्दा बढी रहेको बताउँछन् ।

भूमिसम्बन्धी ऐन, २०२१ (आठौं संशोधन २०७६ सहित) ले नेपाल राज्यभित्र आफ्नो वा परिवारको स्वामित्वमा जग्गा नभएको व्यक्तिलाई भूमिहीन सुकुमवासी भनेको छ । त्यस्तो व्यक्तिले आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झिनुपर्ने भनिएको छ । त्यस्तो व्यक्तिमाथि आश्रित पति, पत्नी, बाबु, आमा र छोरा, छोरी पनि सुकुमवासी मानिन्छन् । राष्ट्रिय दलित आयोगद्वारा दलित भनेर सूचीकृत गरिएका लागि दलित भूमिहीनमा राखिएको छ । त्यसरी नेपालभर कतै जग्गा नभएकाहरू (दलित भूमिहीनसहित) को संख्या २ लाख ८० हजार २ सय २९ छ ।

भूमि ऐनले सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए पनि लामो समयदेखि आबाद कमोत गरी घर, टहरा बनाई बसोबास गरेकालाई अव्यवस्थित बसोबासी मानेको छ । त्यस्ताको संख्या ठूलो छ । भूमि ऐनले सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए पनि लामो समयदेखि आबाद कमोत गरी घर, टहरा बनाई बसोबास गरेकालाई अव्यवस्थित बसोबासी मानेको छ । त्यस्ताको संख्या ठूलो छ । अन्यत्र कतै जग्गा भए पनि कुनै कारणवश अव्यवस्थित रूपमा बसोबास गरेको सूचीमा उनीहरू पर्ने आयोगका अध्यक्ष रिजालको भनाइ छ ।

भूमि ऐनको दफा ५२(ग) मा ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए पनि आबादीमा परिणत भएको जग्गामा कम्तीमा दस वर्षदेखि आबाद कमोत गरी आएका अव्यवस्थित बसोबासीलाई एक पटकका लागि नेपाल सरकारले निजहरूले आबाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्ने भनिएको छ ।

संविधानको धारा ३७ मा प्रत्येक नागरिकलाई आवासको हक प्रदान गरिएको छ । त्यस्तै, धारा ४०(५) ले राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउनुपर्ने भनेको छ । धारा ४२ ले सामाजिक न्यायको हक दिएको छ । त्यस्तै, धारा ५१ को खण्ड (ज) को (६) मा मुक्त कमैया, कमलरी, हरवा-चरवा, हलिया, भूमिहीन, सुकुमवासी पहिचान गरी बसोबासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने भनिएको छ ।

कानुन र संविधानको ठाडो उलंघन गर्दै सुकुम्बासी बस्तीमा डोजर

सरकारले १२ वैशाखबाट काठमाडौंका खोला किनारमा रहेका अव्यवस्थित बसोबासीमाथि ‘डोजर’ चलाइरहेको छ । त्यसले हजारौं मानिस छानाविहीन बनेका छन् । भूमि अधिकारकर्मी जगत देउजा सुकुमवासीलाई व्यवस्थित गर्ने नाममा सरकारबाट चालिएको कदमलाई उल्टो बाटो भन्छन् । सरकारको कदम संविधान र कानुनविपरीत रहेको उनले बताए । ‘काठमाडौंमा डोजर चलाइएका घरमा बसोबास गरेकाहरू भूमिहीन सुकमवासी र अव्यवस्थित बसोबासी दुइटै छन् । वास्तविक पहिचान गरी उनीहरूलाई विकल्प दिएर मात्रै बस्ती खाली गराउने कदम चालिनुपर्थ्यो,’ उनले भने, ‘सरकारको कदमले सुकुमवासी अन्यायमा परेका छन् ।’

देउजा भूमि समस्या समाधान आयोगमा २०७७ सालमा विज्ञका रूपमा सदस्य थिए । डेढ दर्जन आयोग/समिति गठन हुँदा पनि सुकुमवासी समस्या किन समाधान भएन भन्ने प्रश्नमा उनी कति आयोग बन्ने भनेर मात्रै हेर्न नहुने बताउँछन् । ‘आयोग बने पनि त्यसले कति समयसम्म काम गर्न पायो ? काम गर्न उसलाई कति सहज वातावरण बनाइयो ? यस्ता कुरा पनि सँगै हेरिनुपर्ने हुन्छ,’ उनले भने, ‘आयोग बनाइदिने तर सरकारले नै सहयोग नगर्ने, सरकार परिवर्तनसँगै आयोग विघटन हुने, सुकुमवासीलाई व्यवस्थित गर्न आवश्यक कानुन नबनाइदिने अवस्था थियो । आयोगले काम गर्नलाई पर्याप्त कानुनी आधारसम्म पाएन ।’

संविधान जारी हुनुपूर्व गठित आयोगहरूले १ लाख ४२ हजार सुकुमवासीलाई जग्गाधनी पुर्जा वितरण गरेका थिए । त्यसमध्ये ८६ हजार ४ सय घरधुरीसँग लालपुर्जा भए पनि स्रेस्ता कायम नहुँदा समस्या छ । पछिल्लो पटक ९ हजार १२ परिवारलाई जग्गाको पुर्जा दिइएको छ ।

सरकारले काठमाडौंका थापाथली, सिनामंगल, जडिबुटी, मनोहरा, बल्खु, शंखमूल, बालाजु, बसपार्क, धोवीखोला, बल्खु, बंशीघाट लगायतका क्षेत्रमा भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीका घरटहरा क्रूरतापूर्वक भत्काएको छ ।

भूमि तथा महिला अधिकारकर्मी भगवती अधिकारी हजारौं मानिसलाई घरबारविहीन बनाएर सरकारले मानवअधिकारको गम्भीर उल्लंघन गरिरहेको बताउँछिन् । घर भत्काएर आश्रय स्थलमा लगिएका महिला तथा बालबालिकाको स्थिति अत्यन्तै बिजोग रहेको उनले बताइन् । ‘सबै विधि, प्रक्रिया, संविधान, कानुन, नियम र नीतिलाई मिचेर भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीमाथि डोजर चलाउने कार्य भइरहेको छ । यसमाथि पुनर्विचार हुनुपर्छ,’ उनले भनिन् ।

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले २०७९ मा तयार पारेको प्रतिवेदनअनुसार उपत्यकाका नदी किनारमा ३ हजार ४ सय ९६ घरधुरी अव्यवस्थित बसोबासी छन् । तीमध्ये काठमाडौं महानगरभित्र २ हजार २ सय ४५, कागेश्वरी नगरपालिकामा ९०, बूढानीलकण्ठमा १ सय ५६, ललितपुर महानगरभित्र १७ र भक्तपुर नगरपालिकामा ७ सय ७३ परिवार छन् ।

क्रान्तिकारी...

सीपी गजुरेल गौरवले विशेष सम्बोधन गर्नुभएको थियो । महासंघका संयोजक इश्वर तिमिल्सिनाको अध्यक्षता र महासंघकी नेतृ कमला चन्दको सञ्चालनमा सम्पन्न समारोहलाई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पीवीएम तथा ९ नं. ब्यूरोका इन्चार्ज चिन्तामणि पौडेलले सम्बोधन गर्नुभएको थियो । वक्ताहरुले अन्तर्राष्ट्रिय मजदुर दिवसको क्रान्तिकारी महत्वको विषयमा प्रकाश पार्नुभएको थियो ।

बिकल्प बिना ...

प्रतिनिधित्व गरेका राजनीतिक पार्टीहरु, संसद बाहिर रहेका राजनीतिक पार्टीहरु, नागरिक समाज, पत्रकार र राष्टिय मानव अधिकार लगायत विभिन्न संघसंस्थाहरुसँग पनि आफ्नो बासको सुरक्षाको लागि आवाज उठाइदिन उनीहरुले सार्वजनिक रुपमा अपिल समेत जारी गरेका छन् । र, मोर्चाले विभिन्न निकायसँग समन्वय पनि गरिरहेको छ । उनीहरुले राज्यले सुकुम्बासी, अव्यवस्थिति बसोबासीहरुको न्यूनतम मानव अधिकारमाथि समेत हिंसात्मक दमन लादेर बस्तीबाट बेदखल गर्न खोजेको भन्दै उनीहरुले आक्रोश पनि पोखिरहेका छन् ।

उता प्रधानमन्त्री बालेन्द्र शाहले बुधबार नेपाल प्रहरीका आइजिपी दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका आइजिपी राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्कीलाई प्रधानमन्त्री कार्यालय बोलाएर बस्ती खाली गराउन निर्देशन दिएपछि आइजिपी दानबहादुर कार्कीले सुकुम्बासी बस्ती खाली गराउने विषयमा काठमाडौं महानगरपालिकाका कार्यवाहक मेयर सुनीता डंगोलसँग छलफल गरेको महानगर स्रोत बताउँछ।

सकभर शनिबार एकैदिनमा, नभए आइतबारसम्म काठमाडौंका खोला-नदी किनारका सुकुम्बासी बस्ती खाली गराउनू भन्ने प्रधानमन्त्रीको निर्देशन रहेको आइजिपी कार्कीले जानकारी गराएको सम्बद्ध स्रोतले जानकारी दियो ।

स्रोतका अनुसार यो निर्देशन कार्यान्वयन निम्ति प्रहरीले महानगरसँग नगर प्रहरी, डोजर लगायतका स्रोतसाधन माग गरेको छ। शुक्रबारदेखि नै सुकुम्बासी बस्तीमा गएर माइकिङ गर्न पनि आग्रह गरिएको स्रोतको दावी छ। स्रोतका अनुसार सहरी विकास मन्त्रालयले पनि यसै सम्बन्धमा काठमाडौं महानगरपालिकासँग समन्वयका लागि आग्रह गरेको छ ।

उनीहरूका अनुसार प्रधानमन्त्री बालेनले शनिबार र आइतबारभित्रै सुकुम्बासी बस्तीमा रहेका सबै परिवारलाई त्यहाँबाट हटाउने योजना बनाएका छन्। अहिलेलाई बस्तीबाट हटाएर विभिन्न लजमा लगेर राख्ने प्रधानमन्त्रीको भनाइ छ। लजको खर्च काठमाडौं महानगरपालिकालाई बेहोर्न भनिएको छ ।

यसरी सबैलाई लजमा लगेर खानपिन र बसोबासको बन्दोबस्त गरेपछि त्यहीँ नै उनीहरूको अभिलेख संकलन र प्रमाणीकरणको काम गर्ने प्रधानमन्त्रीले बताएका छन् ।

सुकुम्बासी बस्ती खाली गराउन प्रधानमन्त्री बालेनले देखाएको यो हतार सरकारले पहिलो मन्त्रिपरिषद बैठकबाट पारित गरेको शासकीय सुधारका १०० कार्यसूचीसँग पनि बाझिएको छ । उक्त कार्यसूचीले सुकुम्बासी समस्या कसरी समाधान गर्ने भनेर बुँदा नम्बर ९१ र ९२ मा विस्तृत उल्लेख गरेको छ ।

बुँदा नम्बर ९१ अनुसार देशभरका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत संकलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने भनिएको छ। सुकुम्बासी व्यवस्थापन गर्ने पहिलो चरण नै यही हो। यो काम सम्बन्धित स्थानीय तह सरकारको हो। काठमाडौंका हकमा काठमाडौं महानगरपालिकाले यो काम गर्छ।

बालेन काठमाडौंका मेयर हुँदा उनले तीन वर्षको कार्यकालभरि यो काम सुरू नै गराएका थिएनन्। उनी अभिलेख संकलन र प्रमाणीकरणको प्रक्रियामा नगई सिधै डोजर चलाएर सुकुम्बासी बस्ती हटाउन गएका थिए। यसले महानगरका नगर प्रहरी र सुकुम्बासीबीच झडप भएको थियो ।

यसपालि पनि कार्यसूचीमा उल्लिखित ६० दिनभित्र लगत संकलनको काम सुरू गरिएको छैन। यो काम अहिले पनि काठमाडौं महानगरपालिकाकै हो। तर प्रधानमन्त्री बालेन्द्र शाहले सुकुम्बासीहरुसँग प्रतिशोध साँध्न खोजेको विश्लेषण पनि भइरहेको छ ।

सुकुम्बासी...

दिएको छ ।

बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै आन्दोलनले प्रधानमन्त्रीबाट सुरक्षा निकायलाई सुकुमबासी बस्ती खाली गराउन ठाडो निर्देशन दिएकोप्रति कडा आपत्ति जनाएको छ। मन्त्रिपरिषद्‌ले पारित गरेको १०० बुँदे शासकीय सुधार कार्यसूचीमा भूमिहीन र सुकुमबासीको प्रमाणीकरण तथा पुनर्वासमार्फत दिगो समाधान गर्ने प्रतिबद्धता व्यक्त गरिएको भए पनि प्रधानमन्त्री स्वयंले त्यसलाई कुल्चिन खोजेको आरोप लगाइएको छ।

विज्ञप्तिमा भनिएको छ, नेपालको संविधानले प्रत्येक नागरिकलाई आवासको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। संविधानद्वारा प्रत्याभूत नागरिकको आवासको हकको ग्यारेन्टी नगरी उल्टै जबरजस्ती बस्ती भत्काउने, उठिबास लगाउने वा विस्थापन गर्ने कार्य मानव अधिकार र नागरिक अधिकारको गम्भीर उल्लङ्घन हो।

नागरिक आन्दोलनले प्रमाणीकरण, पुनर्वास, सुरक्षित आवास र वैकल्पिक जीविकोपार्जनको सुनिश्चितता विना गरिने कुनै पनि बलपूर्वक निष्कासनको कदम स्वीकार्य नहुने स्पष्ट पारेको छ। यस्तो कार्यले सामाजिक तनाव बढ्नुका साथै सरकारको वैधतामाथि नै प्रश्न उठ्ने विज्ञप्तिमा उल्लेख छ।

प्याक्स...

खनिज राजनीति, प्रविधिगत रूपान्तरण र भू-राजनीतिक प्रतिस्पर्धाबीचको सम्बन्ध आधुनिक विश्व शक्ति संरचनाको आधार बन्दै गएको छ । विशेषतः रणनीतिक खनिज र डिजिटल प्रविधिको संयोजनले नयाँ प्रकारको वैश्विक शक्ति समीकरण निर्माण गरिरहेको छ । यही सन्दर्भमा खनिज-केन्द्रित शक्ति संरचना, “प्याक्स सिलिका” अवधारणा र यसको त्रि-तहको संरचनामार्फत विश्व प्रतिस्पर्धाको विश्लेषण गर्न सकिन्छ ।

क) खनिज-केन्द्रित शक्ति संरचना

२१औं शताब्दीमा विश्व शक्ति संरचना परम्परागत सैन्य र ऊर्जा-आधारित प्रभुत्वबाट क्रमशः रणनीतिक खनिज र उच्च प्रविधितर्फ सर्दै गएको छ । विगतमा तेल र ग्यासले निर्धारण गर्ने शक्ति सन्तुलन अहिले युरेनियम, लिथियम र रेअर अर्थ जस्ता खनिजहरूसँग गहिरो रूपमा जोडिएको छ । यी तत्वहरू ऊर्जा उत्पादन, सेमिकन्डक्टर निर्माण र कृत्रिम बुद्धिमत्ता प्रणालीका आधारभूत अवयव बनेका छन् । यस कारण ऊर्जा-खनिज-प्रविधिको नयाँ शक्ति संरचना निर्माण हुँदै गएको छ, जसले स्रोतमाथिको नियन्त्रणमार्फत राष्ट्रिय सुरक्षा र वैश्विक प्रभाव विस्तार गर्ने प्रवृत्ति देखाउँछ ।

ख) प्याक्स सिलिका अवधारणा

“प्याक्स सिलिका” संयुक्त राज्य अमेरिकाको विदेश मन्त्रालयद्वारा सन् २०२५ डिसेम्बर १२ मा वासिङ्टन डी.सी. मा सार्वजनिक गरिएको एक रणनीतिक पहल हो, जसको उद्देश्य रणनीतिक खनिज, सेमिकन्डक्टर उद्योग, कृत्रिम बुद्धिमत्ता र डिजिटल पूर्वाधारमा आधारित सुरक्षित तथा विश्वसनीय आपूर्ति शृंखला निर्माण गर्नु हो । यस अवधारणामा ‘प्याक्स’ (एब्ह) ले शान्ति वा स्थायित्व जनाउँछ भने ‘सिलिका’ (क्षअिब) ले सिलिकनको आधारभूत खनिजलाई जनाउँछ, जुन आधुनिक प्रविधिको मूल आधार हो । यस पहलमा अमेरिका, जापान, दक्षिण कोरिया, सिंगापुर, युरोपेली मुलुकहरू, अष्ट्रेलिया लगायतका देशहरूको सहभागिता रहेको देखिन्छ, जसले रणनीतिक खनिजदेखि उच्च प्रविधिसम्मको आपूर्ति शृंखला व्यवस्थापनलाई प्राथमिकता दिएको छ । यस पहलमा २०२६ फेब्रुवरी २० बाट भारत सहभागि भएको देखिन्छ ।

ग) प्याक्स सिलिकाको त्रि-तहीय संरचना (Tri– layer of Pax Silca)

“प्याक्स सिलिका” अवधारणालाई तीन तहको संरचनाका रूपमा बुझ्न सकिन्छ । पहिलो तह खनिज आपूर्ति शृंखला हो, जसमा सिलिका, लिथियम, युरेनियम र अन्य रणनीतिक खनिजहरूको उत्खनन, प्रशोधन र अन्तर्राष्ट्रिय आपूर्तिको प्रक्रिया समावेश हुन्छ, जसले आधुनिक प्रविधि र ऊर्जा प्रणालीको भौतिक आधार निर्माण गर्छ । दोस्रो तह अर्धचालक तथा कृत्रिम बुद्धिमत्ता निर्भरता हो, जहाँ यी खनिजहरू चिप निर्माण, डेटा प्रणाली, कृत्रिम बुद्धिमत्ता र डिजिटल पूर्वाधारमा रूपान्तरण भई प्रविधिगत शक्ति संरचना निर्माण गर्छन् । तेस्रो तह रणनीतिक गठबन्धन वा भू-राजनीतिक गुट हो, जसले स्रोत र प्रविधिलाई अन्तर्राष्ट्रिय सुरक्षा तथा शक्ति सन्तुलनसँग जोड्छ । आधुनिक विश्व शक्ति प्राकृतिक स्रोत, त्यसलाई रूपान्तरण गर्ने प्रविधि र त्यसको नियन्त्रण गर्ने भू-राजनीतिक संरचनाको त्रिकोणात्मक संयोजनमा निर्भर हुन्छ । खनिज-प्रविधि केन्द्रित विश्व प्रतिस्पर्धाले नेपाललाई भूराजनीतिक रूपमा संवेदनशील अवस्थामा उभ्याएको छ । सम्भावित रणनीतिक खनिज स्रोतहरू, विशेषतः युरेनियम सम्बन्धी चर्चाले नेपाललाई अन्तर्राष्ट्रिय चासोको क्षेत्र बनाउने जोखिम बढाएको छ । यसले कूटनीतिक दबाब, नीति स्वायत्तता र विकास रणनीतिमा प्रत्यक्ष प्रभाव पार्न सक्छ ।

२. नेपालमा युरेनियम, मुस्ताङ स्पेशल जोन र भू-राजनीतिक संवेदनशीलता

नेपालले रणनीतिक खनिज सम्भावना र भौगोलिक अवस्थिति समकालीन भू-राजनीतिक प्रतिस्पर्धासँग प्रत्यक्ष रूपमा जोडिँदै गएको देखिन्छ । विशेषतः युरेनियमजस्ता संवेदनशील खनिज र मुस्ताङ क्षेत्रमा देखिएका विकास-सुरक्षा सम्बन्धी पहलहरूले नेपाललाई रणनीतिक केन्द्रमा ल्याएको छ ।

क) युरेनियम सम्भावित क्षेत्रहरू

नेपालका विभिन्न भू-भागहरूमा युरेनियम तथा अन्य रणनीतिक खनिजहरूको प्रारम्भिक संकेतहरू भेटिनुले देशलाई ऊर्जा र सुरक्षा दृष्टिले सम्भावनायुक्त क्षेत्रका रूपमा स्थापित गरेको छ । विशेषतः मुस्ताङको लोमान्थाङ क्षेत्र उल्लेखनीय मानिन्छ, जहाँ करिब १० किलोमिटर लम्बाइ र ३ किलोमिटर चौडाइमा फैलिएको सम्भावित भण्डारको चर्चा गरिएको छ ।

यसका अतिरिक्त मकवानपुर (तीनभञ्ज्याले, चिरुवा खोला, चाँदे खोला), सिन्धुली (बुका खोला), बैतडी (बागेगढ, सानीगढ), बझाङ (सेनगढ, निम्लीगढ), काठमाडौं (शिवपुरी, टोखा), रसुवा-नुवाकोट (मैलुङ, पाँचमाने), लाङटाङ क्षेत्र, दोलखा (चरिकोट) तथा पाल्पामा पनि युरेनियमका सम्भावित संकेतहरू पहिचान भएका छन् । यी स्रोतहरूले दीर्घकालीन रूपमा ऊर्जा आत्मनिर्भरता, औद्योगिक विकास र रणनीतिक क्षमता विस्तारका अवसर प्रदान गर्न सक्छन् । तर युरेनियमजस्ता संवेदनशील खनिजसँग वातावरणीय जोखिम, विकिरणजन्य प्रभाव र पारिस्थितिक सन्तुलनमा असर पर्ने चुनौती पनि जोडिएका छन् । साथै, यस्ता स्रोतले अन्तर्राष्ट्रिय चासो बढाउने भएकाले नेपाल भू-राजनीतिक प्रतिस्पर्धाको संवेदनशील क्षेत्रमा प्रवेश गर्ने सम्भावना पनि रहन्छ ।

ख) मुस्ताङ स्पेशल जोन

अपर मुस्ताङको लोमान्थाङ क्षेत्रमा प्रस्तावित “मुस्ताङ स्पेशल जोन” अवधारणाले यस क्षेत्रलाई उच्च सुरक्षा, अनुसन्धान तथा रणनीतिक विकासको सम्भावित केन्द्रका रूपमा अघि बढाउने दृष्टिकोण प्रस्तुत गरेको देखिन्छ । करिब ३० वर्ग किलोमिटर भू-भाग समेट्ने यस प्रस्तावमा नेपाली सेनाको निगरानीमा विदेशी प्राविधिक टोलीहरूको संलग्नता रहने विषयसमेत चर्चामा आएको छ । यसै सन्दर्भमा, चैत्र ३० मा सिंहदरबार डटकममा प्रकाशित एक समाचार अनुसार, उपल्लो मुस्ताङस्थित लोमान्थाङ क्षेत्रमा युरेनियम अन्वेषण तथा सम्भावित प्रशोधनसम्बन्धी गतिविधिमा अमेरिका र अष्ट्रेलियाका संयुक्त प्राविधिक टोलीलाई संलग्न गराउने सरकारी तयारीबारे सार्वजनिक चर्चा भएपछि नेपाली राजनीतिक वृत्तमा व्यापक बहस उत्पन्न भएको देखिन्छ ।

यससँगै, मुस्ताङ क्षेत्रमा सम्भावित युरेनियम उत्खननका लागि आवश्यक विद्युत आपूर्ति एमसीसीअन्तर्गत निर्माण हुने प्रसारण लाइनमार्फत व्यवस्थापन गर्ने तथा सोही पूर्वाधारलाई भविष्यमा पहाडी भू-भागमा विकास हुन सक्ने “एज एआई” (Edge AI) आधारित डाटा सेन्टरहरूको ऊर्जा आवश्यकतासँग समेत एकीकृत गर्ने सम्भावित संकेतहरूले स्रोत, ऊर्जा, प्रविधि र पूर्वाधारबीचको अन्तरसम्बन्धलाई थप बहुआयामिक बनाएको देखिन्छ । यसकारण पूर्वाधार विस्तार, प्रविधि हस्तान्तरण र लगानी आकर्षणका अवसरहरू सिर्जना गर्ने बहानामा राष्ट्रिय सुरक्षा, रणनीतिक पूर्वाधारको नियन्त्रण, डेटा सार्वभौमिकता तथा प्राकृतिक स्रोतको स्वामित्वसँग सम्बन्धित जटिल नीतिगत प्रश्नहरू नियन्त्रित हुन्सक्दछ ।

ग) भू-राजनीतिक संवेदनशीलता

युरेनियम सम्भावना र मुस्ताङ स्पेशल जोनसँग सम्बन्धित विकास-सुरक्षा संरचनाले नेपाललाई भूराजनीतिक रूपमा संवेदनशील अवस्थामा उभ्याएको छ । रणनीतिक खनिज, ऊर्जा पूर्वाधार र सीमावर्ती भू-भागसँग जोडिएका परियोजनाहरूले बाह्य शक्ति चासो बढाउँदै नेपाललाई प्रतिस्पर्धात्मक क्षेत्र बनाउने जोखिम देखिन्छ ।

IPsसम्बन्धी विश्लेषणहरूले चीनलाई उदीयमान प्रमुख प्रतिस्पर्धीका रूपमा र एसिया-प्रशान्त क्षेत्रलाई आगामी शताब्दीको सम्भावित शक्ति-प्रतिस्पर्धाको केन्द्रका रूपमा चित्रण गरेका छन् । यस्तो परिवेशमा भारतको “प्याक्स सिलिका” जस्ता संरचनामा सहभागिताले क्षेत्रीय शक्ति सन्तुलनलाई थप जटिल बनाउँदै नेपालमाथि परोक्ष रणनीतिक दबाब बढाउने सम्भावना देखिन्छ ।

नेपाल-चीन सिमावर्ती हिमाली क्षेत्रको भौगोलिक, सांस्कृतिक र ऐतिहासिक संवेदनशीलता–विशेषतः तिब्बती प्रभाव र खम्पा विद्रोहजस्ता घटनाले–यस जोखिमलाई अझ गहिरो बनाएको छ । यसले आर्थिक विकास, ऊर्जा सुरक्षा र पूर्वाधार विस्तारका तुलनामा कूटनीतिक दबाब र नीति प्रक्रियामा बाह्य प्रभाव प्रवल बनाउँछ । त्यसैले दीर्घकालीन रूपमा राष्ट्रिय स्रोत नियन्त्रण, प्रविधिगत आत्मनिर्भरता र सन्तुलित कूटनीति अपरिहार्य देखिन्छ ।

३. त्रि-आयामी चक्रब्यूह र नेपालको स्वाधीनता

त्रि-आयामी चक्रब्यूहले आधुनिक विश्व शक्ति संरचनालाई स्रोत, प्रविधि र भू-राजनीतिक आयामहरूको अन्तरनिर्भर सम्बन्धका रूपमा व्याख्या गर्छ । यस ढाँचाभित्र कुनै पनि राष्ट्रको स्वाधीनता केवल राजनीतिक स्वतन्त्रतामा सीमित नभई भौतिक स्रोत, प्रविधिगत क्षमता र अन्तर्राष्ट्रिय शक्ति सन्तुलनबीचको समन्वयमा आधारित हुन्छ । यही विश्लेषणात्मक ढाँचामार्फत नेपालको वर्तमान स्थिति बुझ्न सकिन्छ ।

क) स्रोत आयाम (भौतिक पूँजी)

नेपाल प्राकृतिक स्रोत र रणनीतिक खनिज सम्भावनाले भरिएको देश हो, जसले यसलाई दीर्घकालीन रूपमा ऊर्जा र औद्योगिक विकासका लागि सम्भावित केन्द्र बनाउँछ । युरेनियम, अन्य खनिज तथा जलस्रोतजस्ता प्राकृतिक सम्पदाहरू यस आयामका मुख्य आधार हुन् । तर यी स्रोतहरूको अन्वेषण, उपयोग र व्यवस्थापनमा राज्यको प्रभावकारी नियन्त्रण कमजोर रह्यो भने बाह्य लगानी र रणनीतिक चासोले दीर्घकालीन रूपमा नीति स्वतन्त्रतामा प्रभाव पार्ने जोखिम रहन्छ । यसैले स्रोत आयाम नेपालका लागि अवसरसँगै संवेदनशीलता पनि हो ।

ख) प्रविधि आयाम (ज्ञान तथा डिजिटल पूँजी)

आधुनिक विश्वमा प्रविधि शक्ति निर्माणको प्रमुख आधार बनेको छ । कृत्रिम बुद्धिमत्ता, सेमिकन्डक्टर प्रणाली, डिजिटल पूर्वाधार र डेटा व्यवस्थापनले राष्ट्रहरूको निर्णय क्षमता निर्धारण गर्छ । यस सन्दर्भमा नेपाल प्रविधिगत रूपमा अझै परनिर्भर अवस्थामा रहेको देखिन्छ । यस्तो निर्भरता बढ्दै जाँदा नीति निर्माणदेखि प्रशासनिक प्रणालीसम्म बाह्य प्रविधि र डिजिटल संरचनाको प्रभाव पर्न सक्छ । त्यसैले प्रविधि आयाममा आत्मनिर्भरता विकास नगरी दीर्घकालीन स्वाधीनता सुनिश्चित गर्न कठिन हुन्छ ।

ग) भू-राजनीतिक आयाम (शक्ति संरचना)

नेपाल भौगोलिक रूपमा दुई ठूला शक्ति केन्द्र–भारत र चीन–बीच अवस्थित छ, जसले यसलाई स्वाभाविक रूपमा संवेदनशील भू-राजनीतिक क्षेत्र बनाएको छ । यसका साथै अन्य वैश्विक शक्तिहरूको आर्थिक तथा रणनीतिक चासो पनि क्रमशः बढ्दै गएको देखिन्छ । स्रोत, प्रविधि र पूर्वाधारसँग जोडिएका परियोजनाहरूले नेपाललाई बहुपक्षीय रणनीतिक प्रतिस्पर्धाको क्षेत्र बनाउने सम्भावना बढाउँछन् । यस्तो परिस्थितिमा कुनै एक शक्ति केन्द्रमा अत्यधिक निर्भरता दीर्घकालीन रूपमा जोखिमपूर्ण हुन सक्छ, जसले नीति सन्तुलन र स्वायत्त निर्णय क्षमतामा दबाब सिर्जना गर्छ ।

त्रि-आयामी चक्रब्यूहको दृष्टिले हेर्दा नेपालको स्वाधीनता तीनै आयामहरूको सन्तुलनमा निर्भर देखिन्छ । स्रोतको उपयोग, प्रविधिको विकास र भू-राजनीतिक सन्तुलनबीच उचित समन्वय हुन नसकेमा बाह्य प्रभाव स्वतः बढ्छ । त्यसैले दीर्घकालीन रूपमा नेपालका लागि स्रोतमा नियन्त्रण, प्रविधिगत क्षमता विकास र सन्तुलित कूटनीति नै स्वाधीनता सुदृढ गर्ने प्रमुख आधारहरू हुन् ।

४. नीतिगत सिफारिसहरू

नेपालका लागि स्रोत, प्रविधि र भू-राजनीति तीनै आयाममा प्रणालीगत पुनर्संयोजन अपरिहार्य भएको देखाउँछ । विशेषतः रणनीतिक खनिज, प्रविधिगत निर्भरता र भू-राजनीतिक संवेदनशीलताबीचको अन्तरसम्बन्धलाई ध्यानमा राख्दै दीर्घकालीन राष्ट्रिय स्वाधीनता सुदृढ गर्न निम्न नीतिगत सिफारिसहरू प्रस्तुत गरिन्छ :

क) स्रोतमा राष्ट्रिय नियन्त्रण

रणनीतिक खनिजहरूको अन्वेषण, उत्खनन र उपयोगका लागि स्पष्ट कानुनी ढाँचा निर्माण गरी राज्यको प्रमुख भूमिका सुनिश्चित गर्नुपर्छ । लाइसेन्स वितरण, उत्पादन साझेदारी र निर्यात व्यवस्थापनमा पारदर्शी नीति अवलम्बन गरिनु आवश्यक छ । यसले स्रोतको दिगो उपयोगसँगै राष्ट्रिय स्वामित्व र दीर्घकालीन सुरक्षा सुदृढ गर्छ ।

ख) प्रविधिगत आत्मनिर्भरता

प्रविधिगत निर्भरता घटाउन अनुसन्धान, प्राविधिक शिक्षा र आविष्कारमा लगानी बढाउनुपर्छ । विश्वविद्यालय, अनुसन्धान केन्द्र र निजी क्षेत्रबीच सहकार्य सुदृढ गर्दै स्थानीय क्षमता विकास गर्न आवश्यक छ । डिजिटल पूर्वाधार र डेटा व्यवस्थापनमा आत्मनिर्भरता बढाएमा दीर्घकालीन रणनीतिक क्षमता निर्माण सम्भव हुन्छ ।

ग) सन्तुलित भू-राजनीति

नेपालले भारत, चीन र अमेरिका बीच सन्तुलित र तटस्थ कूटनीति अपनाउनुपर्छ । कुनै एक शक्ति केन्द्रतर्फ निर्भर नभई बहुपक्षीय सहकार्य र राष्ट्रिय हितमा आधारित निर्णय प्रक्रिया अवलम्बन गर्नु आवश्यक छ । यस्तो सन्तुलित रणनीतिले कूटनीतिक दबाब घटाउँदै रणनीतिक स्वायत्तता कायम राख्न मद्दत गर्छ ।

घ) पारदर्शिता

रणनीतिक परियोजना र स्रोत व्यवस्थापनमा सुशासन, जवाफदेहिता र सार्वजनिक पारदर्शिता सुनिश्चित गर्नुपर्छ । निर्णय प्रक्रियामा संसद, सरोकारवाला र नागरिक सहभागिता बढाउँदै सार्वजनिक विश्वास निर्माण गर्नु आवश्यक छ । यसले नीतिगत स्थायित्व, भ्रष्टाचार नियन्त्रण र दीर्घकालीन राष्ट्रिय हित संरक्षणमा योगदान पुऱ्याउँछ ।

निष्कर्ष

नेपालको राष्ट्रिय स्वाधीनता आज परम्परागत राजनीतिक स्वतन्त्रताको सीमाभन्दा बाहिर निस्केर स्रोत, प्रविधि र भू-राजनीति आपसमा गाँसिएको “त्रि-आयामी चक्रब्यूह” भित्र प्रवेश गरेको छ । यस संरचनामा नेपाल भौगोलिक राष्ट्रमा मात्र सीमित नरही रणनीतिक खनिज, ऊर्जा सम्भावना र भू-राजनीतिक संवेदनशीलतासँग जोडिएको एक महत्वपूर्ण शक्ति समीकरणको हिस्सा बनेको छ ।

मुस्ताङ लगायतका क्षेत्रमा देखिएको युरेनियम सम्भावना, रणनीतिक खनिजप्रति बढ्दो अन्तर्राष्ट्रिय चासो तथा प्रविधि-केन्द्रित वैश्विक संरचनाले नेपाललाई अवसर र जोखिम दुवै दिशाबाट प्रभावित बनाइरहेका छन् । एकातर्फ यिनले विकास, ऊर्जा सुरक्षा र औद्योगिक रूपान्तरण सम्भावना खोल्छन् भने अर्को तर्फ बाह्य प्रभाव, प्रविधिगत निर्भरता र रणनीतिक दबाबमार्फत नीति स्वायत्ततामा गम्भीर चुनौती सिर्जना गर्छन् ।

यस सन्दर्भमा प्राकृतिक स्रोत साधनमा राष्ट्रिय नियन्त्रण, प्रविधिमा आत्मनिर्भरता र सन्तुलित भू-राजनीतिक अभ्यासमा सन्तुलन कायम गर्ने जस्ता तीन आधारहरूको प्रभावकारी व्यवस्थापन गर्न सके मात्र नेपालले आफ्नो स्वाधीनतालाई वास्तविक, स्थायी र रणनीतिक रूपमा सुरक्षित राख्न सक्नेछ । यदि स्रोत, प्रविधि र भू-राजनीतिक सन्तुलनमा राष्ट्रिय नियन्त्रण स्थापित गर्न सकिएन भने, नेपाल औपचारिक रूपमा स्वतन्त्र रहँदा पनि संरचनात्मक रूपमा परनिर्भर राज्यमा रूपान्तरण हुने जोखिम रहन्छ ।

आलोपालो

४२ औं मित्रमणि दिवसका सन्दर्भमा एक संस्मरण

● चन्द्रहरि सुवेदी ●

नेपाल अर्धसामन्ती अर्ध औपनिवेशिक विशेषता सहितको नव औपनिवेशिक देश हो। मजदुर भन्दा किसान बाहुल्य भएको विकासोन्मुख कम शिक्षित भएको मुलुक हो। दलाल नोकरशाही र बचेखुचेका सामन्तवर्ग मिलेर बनेको प्रतिक्रियावादी सत्तालाई विद्यार्थी आन्दोलनले हल्लाउदै कमजोर बनाउँदै आएको छ। चाहे त्यो त्रिचन्द्र कलेजमा पढ्ने गंगालाल श्रेष्ठ, वि.सं. १९९७ सालको सहादत होस्, चाहे त्यो २००४ सालको जयतु संस्कृतम आन्दोलन होस्, चाहे त्यो २००८ साल कार्तिक २० को चिनियाँ लालकाजी श्रेष्ठ शहादत र गृहमन्त्री वी.पी. कोइरालाको सरकार ढालेको इतिहास होस् वा त्यस्तै गरेर २०३८ सालको मंसिर ८ र चैत्र १ को क्रमशः फणिन्द्र तिमल्सिना र शिवप्रसाद पौडेलको हत्या गरेर सही र बनाएको इतिहास होस्। त्यसैको निरन्तरतामा २०४२ साल वैशाख १८ गते राति २:५ मा तात्कालीन अवस्थामा विद्यार्थी आन्दोलनमा सबैभन्दा माथिल्लो तहबाट वलिदान दिएर पंचायती व्यवस्थाको जगै हल्लाइ दिने महान् सहिद मित्रमणि आचार्य पूर्ण पक्लिहवा क्याम्पसका. स्व.वि.यु. सभापति बहालवाला कृषि र पशु विज्ञान अध्ययन संस्थान चितवन रामपुर क्याम्पसका स्व.वि.यु. सभापति हुनुहुन्थ्यो। २०४० साल चैत्रमा सम्पन्न अनेरास्ववियुको आठौं राष्ट्रिय सम्मेलन भारतको गोरखपुर अग्रवाल भवन (धर्मशाला) बाट देव गुरुङको अध्यक्षतामा गठित केन्द्रीय समितिमा सदस्या उहाँ (मित्रमणि आचार्य) समेत बलिदानले झण्डै ५ वर्षपछि २०४६ चैत्र २६ गते पंचायती व्यवस्थाको पतन गराइदियो।



यो पंक्तिकारलाई हाम्रो पार्टीका पीवीएम रामबहादुर बुढाले तपाई सहयोद्धा भएको नाताले एउटा संस्मरण लेख्नु भन्नुभयो। यो ४२ वर्षको अन्तरालमा मैले धेरै पटक संस्मरण लेखेको छु। यो बीचमा नारायणीमा धेरै पानी बगिसकेको छ। मित्रमणिलाई क्रान्तिकारी सहिद भन्नेहरु सुधारवाद, संसदवाद, संशोधनवाद, दक्षिणपन्थी अवसरवाद र मिलेरावादमा पतन भइसकेका छन्। नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद, साम्यवादको सपना देखेर सहिद भएका मित्रमणिको सपना अझै पूरा भएको छैन। प्रतिक्रियावादी संसदीय व्यवस्था (संघीय लोकतान्त्रिक गणतन्त्र) लाई नयाँ जनवाद पूरा भयो अब समाजवादी क्रान्ति "क्रान्तिको शान्तिपूर्ण विकास" गर्दै पूरा गर्ने भन्ने विषालु मुखहरुले सहिद भन्ने अधिकार पनि राख्दैन।

बाँकी ६ पेजमा

राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं

"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"

- **आर्थिक गणना किनः** देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्यांक प्राप्त गर्न,
- **गणना अवधिः** २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म
- **कसलाई समेट्नेः** सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू।

तथ्यांक ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ। सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

क्रान्तिकारी सुकुम्बासी संघ नेपालको प्रेस विज्ञप्ति



प्रेस विज्ञप्ती

हाम्रो क्रान्तीकारी सुकुम्बासी संघ नेपाल, बिगत लामो समय देखि सुकुम्बासी हकको हकहित को लागी संघर्ष गरिआएको कुरा सर्व विदित छ। हाल वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारले, सामन्ती भू-स्वामित्व जोमिन्दारी गुठीबिर्कसेया, हलिया प्रथा, वादी पहिरो नदि कटान का कारण आफ्नो पुर्खौली थलो बाट बिस्थापित भई वर्षौं देखि बसोवास गरी भोगचलन गरी आएको ऐलानी जग्गामा बनेका घरहरु हटाउ जग्गा खाली गरी लगाई भत्काउने र सुकुम्बासी लाई उठिवास लगाउने काम वर्तमान नेपालको कानुन र अन्तराष्ट्रिय कानुन बिपरित रहेको छ।

वास्तविक सुकुम्बासी र हकुमवासी पहिचान गरि वास्तविक सुकुम्बासी हकलाई वैकल्पिक उचित बसोवास को व्यवस्था बिना बिस्थापित गर्ने कार्य को हाम्रो संगठन विरोध एवं घोर भर्त्सना गर्दछ। यस्तो प्रकृतिका विरोधी कार्य तत्काल रोकी समस्या समाधानगर्न जोड्दार माग गर्दछौं। अन्यथा देशव्यापी कडा आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने कुरा जानकारी गराउन चाहन्छौं।

संयोजक तिलक वि.क
क्रान्तीकारी सुकुम्बासी संघ
नेपाल
केन्द्रिय संगठन समिती
१९ बैशाख २०८३

13 revolutionary...

for the liberation of proletarians and peoples.

The teachings and slogans of Lenin and Mao are back really clear

Lenin

'Transforming the imperialist war into a civil war'

'Imperialism is the dawn of the world revolution of the proletariat'

'There is one and only one kind of real internationalism and that is – working unconditionally for the development of the revolutionary movement and revolutionary struggle in one's own country, supporting (with propaganda, solidarity and material aid) this struggle, this and only this line in every country without exception'

Mao

"History shows that wars are divided into two categories: just wars and unjust wars. All progressive wars are just, and all wars that impede progress are unjust. We communists, oppose all unjust wars that impede progress. We communists not only do not oppose just wars, but we actively participate in them. The First World War is an example of an unjust war: the two sides fought for imperialist interests, and that is why communists all over the world resolutely opposed it. The means of opposing such a war is to do everything possible to prevent it before it breaks out, but once it has broken out, one must oppose the war with war, oppose the unjust war with the just war, whenever possible."

Signatories until now

Alkadihines Party – Tunisia
Communist (Maoist) Party of Afghanistan (CMPA)
Communist Party of Nepal (Bahumat)
Communist Party of Turkey – Marxist-Leninist (TKP-ML)
Communist Unity – France
Communist Worker Union (mlm) Colombia
Italian (Marxist-Leninist) Party
Maoist Communist Committee Brazil
Maoist Communist Party – Italy
Proletarian Party Of Purbo Bangla (PBSP/Bangladesh)
Red Road of Iran (Maoist group)
Revolutionary Communist Party of Nepal
Yunshuinu Group – China.

प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।